# विद्यालय व्यवस्थापन समितिबाट गरिने सुपरिवेक्षण सेवा

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग

(एम.एड.) द्वितीय वर्षको आंशिक स्नातकोत्तर आवश्यकता

पूरा गर्नका लागि तयार गरिएको

## शोधपत्र


शोधकर्ता

श्याम कुमार यादव

परीक्षा क्रमाङ्क १३०१५६/२०६६

त्रि. वि. दर्ता नं. ६०४१–९१

श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव  बहुमुखी क्याम्पस

सिरहा

# सिफारिस पत्र

त्रिभुवन विशवविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षका छात्र श्याम कुमार यादवले **विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा** शीर्षकको शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नु भएको हो । निजको शोध कार्यप्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई मुल्याङ्कनका लागि शोधपत्र मुल्याङ्कन समितिमा पेश गर्न सिफारिस गर्दछु ।

..............................

धर्मराज सिंह

शोध निर्देशक

मिति २०७११०७११५

त्रिभुवन विश्वविद्यालय
☎ ०३३-५२०३६८
०३३-५२००८२
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
मिति
पत्र संख्या :-
चलानी नं. :-

# स्वीकृति पत्र

त्रिभुवन विशवद्यिालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्ष अध्ययन गर्ने छात्र श्याम कुमार यादवले **विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा** शीर्षकमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोमा शोध मुल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्यांकन समिति

| | | |
|---|---|---|
| प्रा.चन्देश्वर यादव | विभागीय प्रमुख | ..................................... |
| श्री धर्मराज सिंह | शोधनिर्देशक | ...................................... |
| उपप्रा.नारायण प्रसाद अधिकारी | बाह्य परीक्षक | ........................................ .. |

Date: ---/2/2015

# कृतज्ञताज्ञापन

यो शोधपत्र तयारका लागि स्वीकृत दिई मरो चाहना इच्छा पूरा गर्न प्रोत्साहन दिनु भएको श्रद्धेय गुरुहरुप्रति हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र पुरा गर्न शुरुदेखि अन्तसम्म नियमित रुपले अध्ययनका क्रममा प्राप्त सैद्धन्तिक ज्ञानलाई आफ्नो अमूल्य समय खर्च गरेर व्यवहारिक रुप दिनका साथै मेरो अध्ययनमा आवश्यक मार्ग निर्देशन , सुपरिवेक्षण एवं सहयोग प्रदान गर्नुहुने गुरु धर्मराज सिंहप्रति हृदयदेखि आभार व्यक्त गर्दछु । यस शोधकार्यका लागि स्वीकृति प्रदान गर्नुका साथै उपयुक्त सल्लाह र सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख चन्देश्वर गोइतलाई स–हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनको क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराई दिने जिल्ला शिक्षा कार्यालय सिरहाका जि.शि.अ. दिलिप कुमार ठाकुर सिरहा स्रोत केन्द्रका स्रोतव्यति श्री जिवनेश्वर यादव प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सम्वन्धित विद्यालयका प्रधानाध्यापक ज्यूहरु, शिक्षक शिक्षिकाहरु, विद्यालय व्यवस्थापन समितिका पदधिकारीहरु, अभिभावक एवं विघार्थीहरु प्रति आभार प्रकट गर्दछु । साथै यस शोधपत्रलाई शुद्ध रुपमा टाईप गरी सहयोग गर्ने संजय फोटोकापी सेन्टर, सिरहाप्रति हृद्धय देखि नै हार्दिक आभार प्रकट गर्दछु ।

श्याम कुमार यादव

# शोधसार

प्रस्तुत शोधपत्र **विद्यालय व्यवस्थापन समितिबाट गरिने सुपरिवेक्षण सेवा** विषयमा गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य विद्यालय सुपरिवेक्षणको अवस्था खोजि गर्नु रहेको छ ।

यो अध्ययन गुणात्मक अनुसन्धनात्मक ढाँचामा तयार गरिएको छ । यस अध्ययनमा प्रश्नावली, अन्तरवार्ता अनुसूची अवलोकन फारम जस्ता साधनहरुको प्रयोग गरिएको छ । प्राथमिक श्रोतको रुपमा प्रश्नावली, अन्तरवार्ता अनुसूची र अवलोकन फारमलाई प्रयोगमा ल्याइएको छ भने द्वितिय श्रोतको रुपमा विभिन्न पाठ्यपुस्तक र सामग्रीको प्रयोग गरिएको छ ।

शिक्षक, प्रधानाध्यापक, विद्यालय निरीक्षकलाई प्रश्नावली वितरण गरी त्यसलाई सङ्कलन गरेर तथ्याङ्क सङ्कलन गरियो । श्रोतव्यक्ति, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई अन्तरवार्ता गरी ल्याएको टिपोट गरेर तथ्याङ्क सङ्कलन गरियो । अवलोकन फारमको प्रयोग गरी कक्षा सम्बन्धी गतिविधिको तथ्याङ्क सङ्कलन गरियो । प्राप्त तथ्याङ्कलाई तालिकाकिकरण, व्यख्याका आधारमा विश्लेषण गरिएको छ ।

प्रधानाध्यापकले कक्षा सञ्चालन, प्रशासनिक कार्यका साथै राजनिति र जिल्ला शिक्षा कार्यलयमा दौडि राख्ने भएकोले अवलोकन नियमित गर्न नसकि औपचारिकताका लागि मात्र गर्ने गरेको पाइयो । अधिकाँश प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले सुपरिवेक्षणलाई निरीक्षण योजना र प्रक्रियागत हुन नसक्दा सुपरिवेक्षण गरि दिएको प्रतिवेदन पूर्ण रुपले कारवाही नहुने भएकोले सुपरिवेक्षण प्रति नैराश्यता उत्पन्न हुन गएको पाइयो । सुपरिवेक्षकको रुपमा काम गर्ने जिल्ला शिक्षा अधिकारी, शाखा अधिकृत, विद्यालय निरीक्षक र श्रोतव्यक्तिको दरबन्दी भएपनि दरबन्दीको कर्मचारीको अभाव देखियो । अर्को तर्फ भएका कर्मचारीहरु पनि सुपरिवेक्षण काम भन्दा पनि बढी प्रशासनिक काम तिर ध्यान दिने गरेको पाइयो । भएको सुपरिवेक्षक, विद्यालय र शिक्षक बीचको त्रिकोणात्मक सम्बन्धको कमी  गहियो । ग्रामिण क्षेत्रको विद्यालय र शहरी क्षेत्रको विद्यालयको शिक्षक र विद्यार्थीको उपस्थिति,

स्कुल लिभिङ्ग सर्टिफिकेटको परिणाममा पनि फरक पाइयो । ग्रामिण क्षेत्रको अभिभावक भन्दा शहरी क्षेत्रको अभिभावक आफ्ना सन्तान प्रति सजग देखिएतापनि सन्तानहरुलाई विद्यालय पठाई मात्र आफ्नो दायित्व पुरा गरेको पाइयो । अभिभावकको सहभागिता विद्यालयमा राजनैतिक गतिविधि गर्ने पाइयो । शिक्षकको उपस्थिति दर राम्रो भएपनि विद्यालयहरुमा विषयगत शिक्षकको साह्रै कमि भएको पाइयो । कतिपय विद्यालयमा विषयगत शिक्षक न्यून थियो भने कतिपय विद्यालयमा एउटै विषयको २ वटा सम्म शिक्षकहरु थिए । तर अरु विषयको शिक्षक उपलब्ध नभएर भएकै शिक्षकबाट अरु विषयहरुको अध्ययन अध्यापन गराएको पाइयो । कतिपय विद्यालयमा स्थायी शिक्षकको सट्टामा खेताला शिक्षकको भर्ना गरी अध्ययन अध्यापन गराएको स्थिति देखापर्‍यो ।

यस अध्ययनका सुझावहरुमा विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरी विद्यालयलाई शुद्ध पठन पाठनको रुपमा विकसित गर्नुपर्दछ । सुपरिवेक्षणको क्रममा प्राप्त भएका प्रतिवेदन माथि कार्यान्वयनको प्रक्रिया अगाडि बढाई सुपरिवेक्षकलाई हौसला प्रदान गर्नुपर्छ । विद्यालय निरीक्षक, श्रोतव्यक्ति, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई समेत समय समयमा सुपरिवेक्षण सम्बन्धि तालिमको व्यवस्था गरी दक्ष बनाउनमा जोड दिनुपर्दछ । सुपरिवेक्षण गर्ने सबैले आफ्नो कार्यशौली, नेतृत्व, व्यवहार आदिमा विकास गरी शिक्षा क्षेत्रलाई माथि उठाउन मार्ग निर्देशकका रुपमा भूमिका निर्वाह गर्नुपर्दछ ।

# विषय सूची


| | |
|---|---|
| सिफारिस-पत्र | I |
| स्वीकृति-पत्र | II |
| कृतज्ञताज्ञापन | III |
| शोधसार | IV |

**परिच्छेद एक**

| | |
|---|---|
| **परिचय** | १-१० |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनको उद्देश्य | ९ |
| १.५ अनुसन्धान प्रश्न | ९ |
| १.६ अध्ययनको परिसीमा | १० |

**परिच्छेद दुई**

| | |
|---|---|
| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | ११-२० |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ अनुसन्धानको लागि पुनरावलोकनको उपयोगिता | १६ |
| २.३ सैद्धान्तिक खाका | १७ |

**परिच्छेद तीन**

| | |
|---|---|
| **अध्ययन विधि** | २१-२७ |
| ३.१ अनुसन्धान ढाँचा | २१ |
| ३.२ जनसंख्या र नमूना छनोट | २१ |
| ३.३ तथ्याङ्कका स्रोतहरु | २२ |
| ३.३.१ प्राथमिक स्रोत | २२ |
| ३.३.२ द्वितीय स्रोत | २३ |
| ३.४ अध्ययनका साधन | २३ |

३.५ तथ्याङ्क संकलन प्रक्रिया २५
३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया २६

**परिच्छेद चार**

**नतिजा विश्लेषण** २८-४५

४.१ विद्यालय व्यवस्थापन समितिद्वारा गरिने सुपरिवेक्षण कार्यको अवस्था २८
४.१.१ सुपरिवेक्षकको दरबन्दी २९
४.१.२ विद्यालय निरीक्षण ३०
४.१.३ विद्यालय र सुपरिवेक्षको अनुपात ३१
४.२ सुपरिवेक्षण कार्यले शिक्षण सिकाईमा पारेको प्रभाव ३२
४.२.१ शिक्षक तथा विद्यार्थीको उपस्थिति ३३
४.२.२ एस.एल.सी. परीक्षाको परीणाम ३३
४.२.३ अभिभावक र शिक्षकको सहभागिता ३५
४.३ विद्यालय व्यवस्थापन समितिबाट गरिने सुपरिवेक्षणका समस्याहरु ३६
४.३.१ शिक्षकको उपस्थिति दर ३७
४.३.२ विषयगत शिक्षकको व्यवस्था ३८
४.३.३ खेताला शिक्षक ३९
४.३.४ विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुको योग्यता र क्षमता ४०
४.३.५ श्रोत, साधन र सुविधाको उपलब्धता ४०
४.४ विद्यालय व्यवस्थापन समितिबाट गरिने सुपरिवेक्षणका समस्या समाधानका उपायहरु ४१
४.४.१ शिक्षक उपस्थितिमा नियमितता ४२
४.४.२ विषयगत शिक्षकको भर्ना ४३
४.४.३ तालिम र गोष्ठी सञ्चालन ४४
४.४.४ श्रोत साधन र सुविधाको उपभोग ४५

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझाव** ४७-५१

५.१ निष्कर्ष ४७

५.२ सुझावहरु ४८

५.२.१ नीतिगत तह ४९

५.२.२ कार्यान्वयन तह ५०

५.२.३ अनुसन्धान तह ५१

**सन्दर्भसूची**

**अनूसुचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सुपरिवेक्षण भन्नाले शिक्षकहरुले विकासका लागि समन्वय, उत्प्रेरणा, निर्देशन गर्नु र प्रत्येक विद्यार्थीहरुको अन्तरनिहित क्षमताको विकास गराउनुका साथै चौतर्फी विकास गराउनु हो । सुपरिवेक्षणले मूलतः तीन वटा क्रियाकलापहरुलाई बोध गराउँछ । पहिलो, शिक्षण सुधारको निम्ति शिक्षक तथा अन्य सम्बन्धित व्यक्तिहरुलाई नेतृत्व प्रदान गर्नु, दोश्रो, शिक्षकहरुको पेशागत सीप वृद्धि तथा विकासका लागि अभिप्रेरित गर्नु र तेश्रो शैक्षणिक उद्देश्य, शैक्षिक सामाग्री तथा शिक्षण विधिको संशोधन, छनौट परिमार्जन र परिष्कार गर्नु । अर्को अर्थमा सुपरिवेक्षण भनेको शिक्षण सिकाई प्रक्रियालाई प्रभावित गर्ने समस्त कारकहरुको सामुहिक अध्ययन तथा सुधार गर्ने एक दक्ष प्राविधिक सेवा हो ( काफ्ले र साथीहरु, २०६०) ।

विद्यालय सुपरिवेक्षण सृजनशील र बहुआयमिक विशेषज्ञ प्राविधिक सेवा हो । यसले मेलमिलापपूर्ण वातावरणमा सहयोगात्मक शैक्षिक प्रयासहरुको बढावा गर्दछ र अतिरिक्त सीप, सही नेतृत्व तथा सुपरिवेक्षण सीप उपलब्ध गर्दछ । यसले शिक्षण सिकाई वातावरण तथा प्रक्रियामा सुधार ल्याउछ । शैक्षिक उद्देश्यहरुको प्राप्तिमा सहयोग गर्दछ । शिक्षकलाई सहयोग, निर्देशन, परामर्श सेवा प्रदान गर्दछ र सधैं शिक्षक, शिक्षण सीप तथा विद्यार्थीहरुको अन्तर्निहित क्षमताको विकासमा नियमित विकास गर्छ ।

विद्यालय सुपरिवेक्षणको व्यापक चर्चा गर्नु अघि सुपरिवेक्षण शब्दको बारेमा चर्चा गर्नु वाञ्छनीय हुन्छ । सुपरिवेक्षण अंग्रेजी भाषाको सुपरभिजनको नेपाली रुपान्तरण हो । सुपरिवेक्षण सुपर र भिजन मिलेर बनेको छ । सुपरको अर्थ राम्रो वा दिव्य र भिजनको अर्थ दृष्टि वा हेराइ हो । अतः सुपरिवेक्षण भनेको दिव्य दृष्टि हो । विद्यालय क्षेत्रमा यसलाई हेर्ने हो भने अध्ययन अध्यापनमा प्रभावकारीता ल्याउन, विद्यालयको सम्पूर्ण शैक्षिक कार्यक्रमको दिव्य दृष्टिद्वारा अध्ययन गरी त्यसको सुधार तथा विकासका लागि अपनाइने प्रत्येक प्रक्रियालाई विद्यालय सुपरिवेक्षण भनिन्छ (शर्मा र शर्मा, २०५७) ।

अनौपचारिक शिक्षासँगै सुपरिवेक्षण प्रक्रियाको पनि सुरुवात भएको विश्वास गरिन्छ। औपचारिक सुपरिवेक्षण प्रक्रियाको सुरुवात भने औपचारिक शिक्षाको सुरुवातसँगै भएको पाइन्छ। सुपरिवेक्षणको ऐतिहासिक विकासक्रमको अध्ययनले सुपरिवेक्षणको वर्तमान स्वरुप तथा कार्यहरु बुझ्न मद्दत गर्दछ। शिक्षा क्षेत्रमा आएको परिवर्तनसँगै सुपरिवेक्षण पद्धतिमा तथा प्रक्रियामा समेत प्रभाव परेको पाइन्छ। विद्यालय स्थापना गरि अध्ययन अध्यापनसंगै शिक्षाको आवश्यकता र क्षेत्र पनि व्यापाक बन्दै गयो। विद्यालय, विद्यार्थी, शिक्षक, भौतिक सुविधा, शैक्षिक प्रक्रिया आदिमा संख्यात्मक वृद्धि हुन पुग्यो तर अव्यवस्थित हुन गयो। यसलाई व्यस्थित गर्न र गुणात्मकता तर्फ लैजानु नै सुपरिवेक्षण प्रक्रियाको आवश्यकता महसुस हुन गयो (पूर्ववत्)।

सुपरिवेक्षण प्रक्रियाको औपचारिक थालनी सर्वप्रथम अमेरिकामा भयो। सन् १८१२ मा न्यूयोर्कमा सुपरिवेक्षण सम्बन्धी एउटा विधेयक पारित गरेर यसको थालनी भयो। सन् १८१२ मा पहिलो राज्य सुपरिटेण्डेन्ट राखियो। सन् १८३८ मा सुपरिटेण्डेन्टको कार्यालय स्थापना गरी शहरी विद्यालय सुपरिटेण्डेन्टहरुको व्यवस्था वफैलो र न्युनोर्क जस्ता शहरमा गरी सुपरिवेक्षण कार्य व्यवस्थित गरियो। फलतः सन् १८३६ पछि प्रशासन र सुपरिवेक्षण कार्य पनि अलगिन पुग्यो। यसको विकास क्रमलाई प्रशासनिक सुपरिवेक्षण र बैज्ञानिक सुपरिवेक्षण गरी दुई भागमा बाँडिएको पाइन्छ। तरपनि यसको विश्वव्यापी विकास क्रमलाई प्रशासनिक सुपरिवेक्षण काल, दक्षता अभिमूखीकरण काल, सामुहिक सहयोगात्मक सुपरिवेक्षण काल र अनुसन्धान अभिमुखी काल गरी चार भागमा विभाजन गरेर अध्ययन गरिन्छ (विद्यालय सुपरिवेक्षण श्रोत सामग्री, २०६२)।

नर्वेमा तीन तहमा सुपरिवेक्षण गरिन्छ। मन्त्रालय, अनुसन्धान तथा चर्च र राष्ट्रिय शिक्षा कार्यालय तहमा। पूर्वमा प्राथमिक विद्यालय बालबालिका र परिवार मामिला मन्त्रालय अर्न्तगत छ। उच्च माध्यमिक विद्यालय काउन्टीको दायित्य अन्तर्गत पर्दछ। नगरपालिकाहरुमा अनिवार्य छ। शिक्षा सम्बन्धी सबै विषय हेर्छ। अन्य देशको जस्तो राष्ट्रिय सुपरिवेक्षणालय यहाँ छैन। नर्वे युरोपेली संघ सदस्य राष्ट्रहरुमध्ये विद्यालय

सुपरिवेक्षणमा सबभन्दा बढी विद्यालय र स्थानीय समाज केन्द्रित अभ्यास गर्ने राष्ट्र मानिन्छ (पूर्ववत) ।

न्यूजिल्याण्डका विद्यालयहरु राम्रा हुनुमा निरिक्षणको भन्दा बढी भूमिका प्रधानाध्यापक र शिक्षकहरुको मानिन्छ । तैपनि त्यहाँ सुपरिवेक्षणको स्तर सुधार्ने धेरै प्रयास भएको छ । न्यूजिल्याण्डमा विद्यालय सुपरिवेक्षण स्थानीय निकायको बढी सरोकारको विषय मानिन्छ । विद्यालयलाई अवसरहरु छनौट गर्ने स्वतन्त्रता दिइएको छ । न्यूजिल्याण्डले विद्यालय स्वायत्तताको इच्छा र स्व-व्यवस्थापनबीच सन्तुलन हुने गरी विद्यालय निति लिएको छ । साथै बाह्य सुपरिवेक्षणलाई पनि निषेध भने गरिएको छैन । बेलायतको विद्यालय सुपरिवेक्षण तीनवटा सिद्धान्तमा आधारित छ । सार्वजनिक कोष उपयोगको लेखाजोख गर्ने, सरकारलाई सूचना दिने र विद्यालय सरोकारवालाहरुलाई सल्लाह दिने । विद्यालय सुपरिवेक्षणका लागि बेलायतले उच्च शिक्षा अनुदान कोषले कलेज, उद्योग वाणिज्य क्षेत्रहरुबाट जनशक्ति नियूक्ति गर्छ । यसले सुपरिवेक्षणलाई सार्वजनिक र पारदर्शी बनाउने विश्वास गरिन्छ । सबै खाले प्रतिवेदनहरु विद्यालय र सर्वसाधारणले पाउन सक्ने गरी राखिन्छ । विद्यालयमा स्थानीय शिक्षा निकायहरुले विद्यालय स्व-मूल्याङ्कन पुस्तिका विकास गरेका हुन्छन् त्यसबाट पनि स्व-सुपरिवेक्षण गरिन्छ (पूर्ववत्) ।

जर्मनीमा सुपरिवेक्षणको जिम्मेवारी संघहरुलाई छ । प्रत्येक संघका छुट्टै विद्यालय सुपरिवेक्षण निकायहरु हुन्छ । जसले प्राज्ञिक, कानूनी र कर्मचारी सुपरिवेक्षणसम्मको काम गर्छ । प्रेत्यक विद्यालयमा शिक्षक, अभिभावक र विद्यार्थी सहितको काउन्सिल हुन्छ । संघपिच्छे यस्ता काउन्सिलहरुको भूमिका फरक-फरक छ । प्रविधिक तथा व्यबसायिक शिक्षा संघबाट संचालित छ अन्य कार्यशालामा उद्योग वाणिज्यसम्बन्धी निकायहरुको आर्थिक लगानी हुन्छ र तिनै निकायहरुले सुपरिवेक्षण गरेको हुन्छ (शिक्षक, २०६५) ।

नेपालको शिक्षा लिनेदिने परिपाटी कालदेखि नै चल्दै आएको पाइन्छ । वि.स. १९०३ सालदेखि नै राणा शासनको प्रारम्भ भएको भए तापनि औपचारिक शिक्षाको शुरुवात नेपालमा वि.स. १९१० मा दरबार स्कुलको स्थापनासँगै सुपरिवेक्षणको जिम्मा बेलायती

नागरिक मिस्टर फोसले पाएका थिए । तसर्थ उनलाई नै पहिलो सुपरिवेक्षण भने तापनि १०४ वर्षे लामो राणा शासन कालमा शिक्षाको विकास हुनुपर्ने जति नभए तापनि केही शून्य नै रहेको भन्न मिल्दैन । नेपालमा औपचारिक विद्यालय शिक्षा तथा सुपरिवेक्षणको सुरुवात सोहीकालमा भएको हो ।

राणा शासनको प्रारम्भसँगै सन् १९९५ मा शिक्षा विभागको स्थापना गरी बवरजंग राणालाई पहिलो डाइरेक्टरको रुपमा नियूक्त गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गर्ने प्रयास गरिएको थियो । १९३२ मा भोजपुरको दिङलामा संस्कृत पाठशालाको स्थापना गरिएको थियो । शिक्षा विकासकै क्रममा वि.स.१९४२ देखि दरबार स्कुलमा सर्वसाधरणले समेत प्रवेश पाए । राणा भएर पनि शिक्षा प्रेमी प्रधानमन्त्री देव शमशेरले मोफसलमा १८० र उपत्यकामा ५० बटा पाठशाला खोले । उनले वि.स. १९५८ मा गोर्खापिठको स्थापना गर्नुका साथै कार्यालय समय बिहान १० वजेदेखि बेलुकी ५ वजेसम्म तोकेका थिए । उनको पालामा सुपरिवेक्षणको भूमिका डाइरेक्टर चन्द्र शमशेरले निर्बाह गरेका थिए ( शर्मा, २०५७) ।

वि.स. २०१७ सालमा देशमा पञ्चायती व्यवस्थाको स्थापना भए पश्चात देशलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो र बदलिदो परिवेशसँगै मुलुकको शिक्षा विकासलाई गति दिन तत्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन भयो जसको प्रतिवेदनमा जिल्ला शिक्षा निरीक्षक, अञ्चल शिक्षा अधिकारीको व्यबस्था थियो । वि.स. २०२२ सालमा शिक्षा मन्त्रालय अन्तर्गत ७५ वटा जिल्लामा जिल्ला शिक्षा कार्यालय स्थापना गरि १४ अञ्चल अधिकारीका कार्यालयहरु खारेज गरियो । त्यसपछि २९ जिल्लामा राज्य पत्रांकित तृतीय श्रेणीका जिल्ला शिक्षा अधिकारी रहने र ४६ जिल्लामा रा.प.अ. प्रथम श्रेणीका कर्मचारी जि.शि.अ. रहने व्यबस्था रहेको पाइन्छ । (विद्यालय सुपरिवेक्षण श्रोत सामग्री २०६२) रा.शि.प. २०२८-२०३२ लागु भएपछि ७५ वटै जिल्लामा शिक्षा अधिकारी र जिल्लाको विद्यालय संख्याको आधारमा तोकिएको संख्यामा प्राथमिक विद्यालय निरीक्षक, निम्न

माध्यमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षक रहने व्यवस्था भएको पाइन्छ ।

वि.स. २०३० सालमा नि.मा.वि.नि. हटाई मा.वि.नि. र प्रा.वि.नि. मात्र रहने व्यवस्था गरियो । वास्तवमा सैद्धान्तिक तथा व्यवहारिक रुपमा सुपरिवेक्षण कार्यको व्यवस्थित प्रारम्भ रा.शि.प. योजनाबाट भएको हो । त्यसबेलादेखि नै सुपरिवेक्षणलाई प्राविधिक सेवा मानियो र निरीक्षकलाई न्यूनतम शैक्षिक योग्यता समेत तोकियो । रा.शि.प. योजना २०२८ ले तोकेको निरीक्षक र विद्यालय अनुपात अनुसार उपत्यका र तराईमा प्रा.वि. तहमा १:३०, नि.मा.वि. तहमा १:१५ र मा.वि. तहमा १:१० रहेको पाइन्छ भने पहाडमा प्रा.वि. तहमा १:२०, नि.मा.वि. तहमा १:१० र मा.वि.तहमा १:०७ रहेको पाइन्छ ( ढकाल, २०५६) ।

वि.स. १९५८ मा चन्द्र शमशेरले राजकीय आयुर्वेदिक पाठशालाको स्थापना गरेका थिए । उनको पालामा ५८ बटा पाठाशाला, ९ वटा संस्कृत पाठशाला समेत खुलेको थियो । त्यसवेला सम्पूर्ण पाठशालाहरुको सुपरिवेक्षणको भूमिका कमाण्डर इन चीफ भीम शमशेरले गरेका थिए । भीम शमशेरले अंग्रेजी शिक्षा र संस्कृत शिक्षा तर्फ छुट्टाछुट्टै डाइरेक्टरको व्यवस्था गरी अंग्रेजी फाँटमा मृगेन्द्र शमशेर र संस्कृत फाँटमा हेमराज पाण्डेलाई नियूक्त गरेका थिए । शिक्षा सम्बन्धी इस्तिहार जारी गरी सुपरिवेक्षण सम्बन्धी स्पष्ट कानूनी अवधारण ल्याइएको थियो । इन्स्पेक्टर अफ स्कुल अफिस स्थापना गरी विद्यालयको पठनपाठन, शिक्षकहरुको शैक्षिक योग्यता तथा भौतिक अवस्था आदिको सुपरिवेक्षण गर्न सूर्यप्रसाद उपाध्यायलाई नेपालकै पहिलो सुपरिवेक्षकको रुपमा नियुक्त गरियो ।

नेपालमा स्कुलका पिता भनेर चिनिने राणा प्रधानमन्त्री पद्म शमशेरका पालामा वि.स. २००४ सालमा पूर्वमा जनकपुर, पश्चिममा पाल्पा र काठमाण्डौं गरी देशलाई तीन क्षेत्रमा विभाजन गरी पूर्वमा दीर्घराज कोइराला, पश्चिममा रामसिंह ठकुरी र काठमाण्डौमा ऋषिकेश शाहलाई इन्स्पेक्टर अफ स्कुल अफिसमा नियूक्त गरिएको थियो । निष्कर्षमा भन्नुपर्दा राणा शासन कालमा शैक्षिक सुपरिवेक्षण औपचारिकतामा सिमित

थियो भने यो प्रशासनमुखी थियो । त्ससैवेला शिक्षाको निति, निर्माण र प्रयोग आंशिक रुपमा भएपछि नियन्त्रण र सुपरिवेक्षण व्यापक रुपमा भएको पाइन्छ (ढकाल, २०५६) ।

नेपालमा सुपरिवेक्षणको पृष्ठभूमि त्यति लामो छैन । पहिला शिक्षा क्षेत्रमा केही सार्वजनिक काम भए पनि सुपरिवेक्षण गरिने परिपाटी भने बसेको थिएन । अध्ययन अध्यापन गर्नु भनेको साधारण अर्थमा गुरुले सिकाउनु र शिष्यले सिक्नु भन्ने अर्थ लगाउँ थियो । तर पनि विभिन्न लोकोक्ति, पुराण समेतलाई आधार लिने हो भने सुपरिवेक्षणका केही अवस्थाहरु इंगित गर्न सकिन्छ । तर पछि जनस्तरबाट खोलिएका विद्यालयहरुलाई सुचारु र व्यवस्थित रुपले संचालन गर्न श्री ३ महाराज जुद्ध शम्शेरको पालामा एक इस्तिहार जारी भयो जसलाई विद्यालय सुपरिवेक्षण व्यवस्था पाठ्यकक्रम जस्ता विषयहरुमा जनतालाई सरिक गराउने गरि निस्केको शिक्षाको पहिलो कानूनी आधार मान्न सकिन्छ  (काफ्ले र साथीहरु, २०६०) ।

पाण्डेको अध्यक्षतामा गठन भएको ४६ सदस्यीय आयोगको सिफारिस अनुसार वि.सं. २०१० साल बैशाख १ गते देखि लागु हुने गरी राजपत्रमा जिल्ला शिक्षा समितिको गठन भयो । यसले जिल्लाको शैक्षिक व्यवस्थापनमा महत्वपूर्ण योगदान गरेको थियो । देशमा बढदो विद्यालय संख्यालाई आधार मानेर वि.स. २०१० मा नेपाललाई ७ (सात) क्षेत्रमा बाँडेर सात वटा इन्स्पेन्टर अफ स्कुल स्थापना गरिएका थिए । तिनीहरु क्रमशः धनकुट्टा, जनकपुर, काठमाण्डौं, पोखरा, डोटी, तौलिहवा र नेपालगञ्जमा खोलिएका थिए (विद्यालय सुपरिवेक्षण श्रोत सामग्री, २०६२) ।

यसै बीच सन् १९८१ देखि सेती अञ्चलमा गरिएको ग्रामीण विकासका निम्ति शिक्षा ( सेती प्रोजेक्ट) परियोजनाले विभिन्न श्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुको समूह गठन गऱ्यो । श्रोतकेन्द्र स्तरमा विद्यालयको सुपरिवेक्षण गर्ने व्यवस्था गऱ्यो । धनकुट्टा, तनहु, कास्की, दाङ, सुर्खेतलगायत जम्मा ६ जिल्लामा प्राथमिक शिक्षा परियोजना शुरु गरियो । यसले पनि सुपरिवेक्षणको क्षेत्रमा थप सहयोग गऱ्यो । त्यस्तै माध्यमिक शिक्षा विकास परियोजना २०२९, आधारभूत प्राथमिक शिक्षा २०४९ आदिले पनि सुपरिवेक्षण क्षेत्रमा

केही सहयोग पुऱ्याएका छन् । यिनले मुलतः श्रोतकेन्द्र प्रणाली लागु गरी विद्यालय समूहको सुपरिवेक्षण गर्ने कार्य श्रोतकेन्द्र मार्फत श्रोतव्यक्तिलाई दिइएको पाईन्छ ( विद्यालय सुपरिवेक्षण श्रोत सामग्रीहरु, २०६२) ।

विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्थाको बारेमा वर्णन गर्नुपर्दा शिक्षा ऐन र नियमावलीले सुपरिवेक्षणको जिम्मा जि.शि.अ., वि.नि. श्रोतव्यक्ति, व्यवस्थापन समितिलाई दिइएको अवस्था छ । तर राजनैतिक हस्तक्षेप, विरोधाभाषपूर्ण ऐन, जिम्मेवार वहन नगर्ने प्रवृत्ति जस्ता कारणले गर्दा सुपरिवेक्षण प्रक्रिया प्रभाकारी हुन नसकेको मात्र हैन कि सुपरिवेक्षण प्रक्रिया नै अलपत्र परेको अवस्था छ । विभिन्न निकाय बीचको अन्तरसम्बन्ध प्रभावकारी हुन सकेको छैन । प्र.अ.ले पनि विभिन्न जिम्मेवारीको कारण सुपरिवेक्षण प्रक्रियालाई निरन्तरता दिन सकेको अवस्था छैन । विद्यालयको तुलनामा विद्यालय निरीक्षकको दरबन्दी न्यून भएकोले पनि प्रभावकारी सुपरीवेक्षणमा समस्या भएको छ ।

## १.२. समस्याको कथन

विद्यालय सुपरिवेक्षणको कार्य निरीक्षण, नियन्त्रण, मूल्याङ्कन, सल्लाह सहयोग तथा समर्थन गर्नु हो । शैक्षिक सुपरिवेक्षण भन्नाले अध्ययन अध्यापनमा सुधार तथा विकास गर्नको लागि शिक्षकहरुलाई प्रदान गरिने एक दक्ष प्राविधिक एवं सेवामुलक कार्य हो । यसले शिक्षक एवं प्रधानाध्यापकहरुको कार्यकुशलता, पेशागत तथा व्यासायिक दक्षता अभिबृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धी र शिक्षण सिकाइमा सुधार ल्याउछ ( अधिकारी, २०६७) ।

व्यापक हुँदै गएको शिक्षा क्षेत्रमा विद्यालय, विद्यार्थी, शिक्षक, भौतिक सुविधा, शैक्षिक प्रक्रिया, आदिमा संख्यात्मक बृद्धि हुन पूग्यो । तर उपयुक्त र व्यवस्थित निरीक्षणको अभावले गर्दा शैक्षिक क्षेत्र नै प्रभावित हुन पुगेको छ । सुपरिवेक्षकको स्वम् व्यवहार, शिक्षक, विद्यार्थी, सरकारी नीति निर्देशन, सामाजिक परिवेश तथा राजनितिक वातावरण समेतले सुपरिवेक्षण व्यावस्थामा समस्या उत्पन्न गरेको छ । सुपरिवेक्षण कार्यक्रमको

सफलता सुपरिवेक्षकको व्यक्तिगत गुणमा समेत भरपर्दछ । सुपरिवेक्षकको चरित्र र सुपरिवेक्षण प्रणाली आलोच्य बनेको छ ।

सुपरिवेक्षकले विद्यालयका शिक्षकहरुसँग राम्रो मानवीय सम्बन्धको स्थापना गर्न नसक्नुको प्रमुख कारणहरुमा ब्यबसायिक सीपको अभाव, अपरिपक्ता, अंहकारी व्यवहार र अनुभवको कमी हो । जसले गर्दा सुपरिवेक्षकहरु अपेक्षित प्रतिष्ठा प्राप्त गर्न सकेका छैनन् र सुपरिवेक्षणको प्रभावकारिता नै प्रभावित हुने गरेको छ । निरन्तरको अभ्यासले सुपरिवेक्षण व्यवस्थालाई प्रभावकारी र क्रमबद्ध बनाउन सकिन्छ तर त्यस्तो कुनै विश्वसनीय सहयोग भएको छैन ।

कक्षाकोठा सुपरिवेक्षणको अभावले गर्दा शिक्षण सिकाइ क्रियाकलाप समेत प्रभावित भइरहेको, शिक्षकले पाउनुपर्ने शैक्षिक निर्देशन नपाउनु तथा कक्षाकोठा शिक्षणको सुपरिवेक्षण कागजी कार्यमा नै सम्पन्न गरिने व्यवस्था समेत रहेको पाइन्छ । जसले शैक्षिक उद्देश्य पूरा भइरहेको छैन । शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनको लागि सुपरिवेक्षकहरुले मात्र सैद्धान्तिक पक्षमा केन्द्रित रहन्छ ।

## १.२.अध्ययनको औचित्य

शिक्षा क्षेत्रमा देखिएको वर्तमान नैराश्यतालाई हटाई भविष्यमा यसलाई उपलब्धिमूलक र उत्साहजनक रुपमा संचालन गर्न आवश्यक पर्ने सुपरिवेक्षण निति नियमहरु निर्माण गर्नेदेखि लिएर ठोस कार्यक्रमहरु संचालन गर्न आवश्यक मार्गदर्शकको रुपमा सहयोग यस अध्ययनले  गर्छ । त्यसै गरी शिक्षकहरुको पेशागत विकास गर्दै समग्र सार्वजनिक विद्यालयहरुको स्तर उकास्ने कार्यमा यस अध्ययन कार्यको औचित्य देखिन्छ । सुपरिवेक्षण क्षेत्रमा देखिएको गैर जिम्मेवारीपन, राजनितिक प्रभाव तथा शिक्षा प्रशासनमा भएका कमी कमजोरीहरुलाई निराकरण गर्दै नियमित र प्रभावकारी सुपरिवेक्षणको वातावरण ल्याउन यस कार्यको औचित्य रहेको छ ।

यसरी शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, प्रशासन, निति निर्माता सबैको लागि यो कार्य औचित्यपूर्ण हुने छ । खासगरी विद्यालयको शैक्षिक स्तर उकास्ने कार्यमा यसको औचित्य रहने छ ।

निष्कर्षमा भन्नुपर्दा विद्यालय सुपरिवेक्षणका लागि राष्ट्रिय निति, नियम निर्माण गर्ने कार्यमा हरेक व्यक्तिमा उत्तरदायित्वको बोध गर्ने कार्यमा, शिक्षा क्षेत्रका संभावित विकृतिहरु रोकथाम गर्दै सुधारका उपायहरुको अवलम्बन गर्ने कार्यमा, सुपरिवेक्षण क्षेत्रमा देखा पर्ने सम्भावित चुनौतिहरु प्रति पूर्व सावधानी अपनाउने सन्दर्भमा, विद्यालयको सुपरिवेक्षणका क्षेत्रमा, यस विषय क्षेत्र सम्बन्धी विषयमा अध्ययन गर्न चाहने व्यक्तिहरुलाई अध्ययन सामग्री बन्ने अर्थमा, विद्यालय व्यबस्थापन समितिका पदाधिकारीहरुलाई सुपरिवेक्षण गर्ने कार्यमा आ-आफ्नो जिम्मेवारी बोध गराउने जस्ता कार्यमा यस अनुसन्धान कार्यको औचित्य रहेको छ ।

## १.४. अध्ययनको उद्देश्य

क) विद्यालय व्यवस्थापन समितिद्वारा गरिने विद्यालय सुपरिवेक्षण कार्यको अवस्थाको पहिचान गर्नु,

ख) सुपरिवेक्षण कार्यले शिक्षण सिकाइ प्रक्रियामा पार्ने प्रभावको खोजी गर्नु,

ग) विद्यालय व्यवस्थापन समितिद्वारा गरिने सुपरिवेक्षणका समस्याहरु विश्लेषण गर्नु,

घ) विद्यालय व्यवस्थापन समितिद्वारा गरिने सुपरिवेक्षणका समस्या समाधानका उपायहरु खोजी गर्नु ।

## १.५. अनुसन्धान प्रश्न

क) विद्यालय व्यवस्थापन समितिद्वारा गरिने सुपरिवेक्षणले कस्तो प्रभाव पारेको छ ?

ख) विद्यालय व्यवस्थापन समितिद्वारा कुशल सुपरिवेक्षण गर्न के गर्नु पर्ला ?

## १.६. अध्ययनको परिसीमा

समय, श्रोत र साधनको अभावले गर्दा यस अध्ययनलाई सिरहा जिल्लाको सिरहा स्रोत केन्द्र भित्रका विद्यालयहरुमा मात्र सिमित गरिएको थियो । यस अध्ययनमा सुपरिवेक्षण कार्यसँग सम्बन्धित सरोकारवालाहरु विद्यालय निरीक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, अभिभावक र विद्यार्थी मात्र समावेश गराइएको थियो । यस अध्ययनलाई विद्यालय व्यवस्थापन समितीबाट गरिने सुपरिवेक्षणले पार्ने प्रभावमा केन्द्रित छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि विशिष्ट विषयसँग सम्बन्धित समसामयिक समस्यामा केन्द्रित रही अनुसन्धान कार्य गर्दा सो विषयसँग सम्बन्धित पूर्व प्रतिपादित सिद्धान्त र साहित्यहरुको अध्ययन गर्नु अनिवार्य हुन्छ । ती स्थापित पूर्वसाहित्य तथा शोध कार्यहरुको उपयोगिताको बारेमा सम्बन्धित सरोकारवालाहरुको धारणा र त्यसबाट उनीहरु तथा अन्य पेशाकर्मीहरुमा परेको प्रभावबारे जानकारी प्राप्त हुन्छ । जसको फलस्वरुप सो को वर्तमान अवस्था, भविष्यमा पर्ने प्रभावको समेत आँकलन सहज हुने मात्र नभई तत्काल गर्न खोजिएका शोध र अनुसन्धान कार्यलाई समेत स्पष्ट मार्गदर्शनमा सहयोगी हुन्छ । यसै तथ्यलाई आत्मसात गरी पूर्व साहितय तथा शोधपत्रको सैद्धान्तिक पक्षहरुको अध्ययन र अध्ययनको क्रममा प्राप्त ज्ञानलाई प्रस्तुत गरिएको छ जसले यस शोध कार्यको औचित्यलाई पुष्टी गर्दछ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

यो परिच्छेदमा अध्ययनसँग सम्बन्धित अध्ययन र दस्तावेजहरुबाट प्राप्त जानकारीलाई प्रस्तुत गरिएको छ । सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा निम्न उल्लेखित सामग्रीहरुको पुनरावलोकन गरिएको छ ।

कक्षाकोठा सुपरिवेक्षणको आवश्यकता पहिचान, त्यसको विश्लेषण, प्रधानाध्यापकको सुपरिवेक्षणीय भूमिकाको साथै प्रधानाध्यापकले अनौपचारिक रुपमा कक्षा अवलोकन गर्ने, शिक्षकलाई शिक्षण सुधारमा कुनै पेशागत सल्लाह र निर्देशन समेत दिन नसक्ने तथा प्रधानाध्यापकलाई प्रशासनिक कार्यले फुसर्त नहुने तथा प्रधानाध्यापकले अपौचारिक रुपमा कक्षा अवलोकन गरी शिक्षण सिकाइमा सुधार ल्याउन शिक्षकलाई पेशागत सल्लाह तथा निर्देशन दिनुपर्ने, प्रधानाध्यापकलाई सुपरिवेक्षण सम्बन्धि तालिम दिनुपर्ने तथा थप आर्थिक सुविधाको व्यवस्था गर्नुपर्नेमा जोड दिएको थियो (लामा, २०६३) ।

कक्षाकोठा शिक्षण सिकाइमा अपेक्षित सुधार र विकास नहुनमा प्रधानाध्यापक अनौपचारिक कक्षा अवलोकन तथा शिक्षकले चाहिएको पेशागत सल्लाह र सुझाव प्राप्त गर्न नसक्नु प्रमुख तत्वहरु हुन । त्यस्तै सुपरिवेक्षकले पनि शिक्षकलाई सुधारात्मक सल्लाह र सुझाव दिनु पर्दछ ।

शिक्षक सुपरिवेक्षक बीचको मानवीय सम्बन्धको अभाव, सुपरिवेक्षकको उच्च आकाँक्षा तथा अनुभवहीनता रहेको, सुपरिवेक्षण सेवामा अनुभवी, उच्च शिक्षा हासिल गरेका मानवीय सम्बन्ध स्थापना गर्न सक्ने तथा विषय विशेषज्ञलाई नियुक्ति गर्नुपर्ने, शिक्षण सिकाइको सुधार र विकास गर्न समय समयमा शिक्षकहरुसँग विषयगत गोष्ठी तथा सेमिनार संचालन गर्नुपर्ने, सुपरिवेक्षकलाई पुनर्ताजगी तालिमको व्यवस्था हुनुपर्ने, शिक्षण सिकाइमा सुधार ल्याउन शिक्षक र सुपरिवेक्षक बीच मानवीय सम्बन्धको स्थापना हुनुपर्ने , सहयोगात्मक, समन्वयात्मक तथा समूहगत सुपरिवेक्षण प्रणालीमा जोड दिएको छ ( बराल, २००७) ।

शैक्षिक उपलब्धि अपेक्षा अनुसार प्राप्त गर्न सकिदैन । जब शिक्षण सिकाइमा संलग्न शिक्षकले पेशागत सल्लाह निर्देशन प्राप्त गर्न सक्दैन । शिक्षक, विद्यालय निरीक्षक र विद्यालय व्यवस्थापन समितीबीच मानवीय सम्वन्ध हुनु नितान्त आवश्यक छ । तालिम प्राप्त शिक्षकले मात्र सिकाइ उपलब्धि प्राप्त गर्न उन्मुख रहन्छ र शिक्षणमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ ।

कक्षाकोठा शिक्षण क्रियाकलापको उपयुक्त समय समयमा निरीक्षणको व्यवस्था नभएकोले शिक्षण सिकाइमा ह्रास हुन पुगेको, राज्यले शिक्षासँग राखेको अपेक्षा पूरा नभई समाजले गुणात्मक शिक्षा पाइरहेको छैन । यसको साथै विद्यालय निरीक्षकको दरबन्दी शिक्षा ऐन नियम अनुसार नभएको, योग्य र अनुभवी विषयगत निरीक्षकको नियुक्ति नभएको, प्रधानाध्यापक र विद्यालय निरीक्षण बीच मनोमालिन्यता रहको कुरा प्रष्ट पारेको छ । सुझावमा निरीक्षकले नियुक्ति अनुरुप विद्यालयमा कक्षाकोठा भित्र गई

विद्यार्थीहरुसँग अर्न्तक्रिया गर्नुपर्ने तथा शिक्षकलाई पेशागत दक्षता प्राप्त गर्ने तर्फ उन्मुख गर्नु पर्नेमा जोड दिएको थियो (कार्की, २०६६)।

नियमित रुपले सुपरिवेक्षण नभएकोले नै शिक्षण सिकाइमा ह्रास हुन पुगेको छ। राज्यले शिक्षामा राखेको अपेक्षा पूरा हुन सकिरहेको छैन। शिक्षाले सम्पूर्ण मानवीय आवश्यकता परिपूर्ति गर्न सहयोग पुऱ्याउछ। गुणात्मक शिक्षाको लागि नियमित रुपले सुपरिवेक्षण तथा शिक्षक र निरीक्षक बीच मानवीय सम्बन्ध अपरिहार्य छ।

गुणात्मक शिक्षा आजको सबभन्दा ठूलो माँग हो। व्यक्तिको सन्तुष्टी सामाजिक उन्नयन प्रणालीको प्रभावकारिता र सिकाइ उपलब्धि स्तरलाई एकसाथ राखेर शिक्षामा गुणात्मकताको स्थान ग्रहण गर्न सकिन्छ। सबैको लागि शिक्षा आजको समसमायिक माँग हो सिकाइको काम संसारमा स्थापित हुन गुणात्मक शिक्षाको ठूलो पहिचान हो। सामाजिक समावेशिकता, लक्षित वर्गमा शैक्षिक लाभको प्रत्याभूति, विद्यालय वसाईमा स्थिरता र दिगोपन, न्युन शैक्षिक क्षति, लैङ्गिक र सिमान्त परिवारको मैत्री शैक्षिक प्रावधान श्रोतको बाँडफाँड र उपयोगी पाठ्यक्रममा जीवनका सीपहरुको पर्याप्त प्रावधान, अपेक्षित उपलब्धि र प्राप्त सफलता बीचको निकटतम् सम्बन्ध हुनुपर्नेमा जोडदिएको थियो (काफ्ले, २०६२)।

शिक्षण सेवाप्रति समर्पित योग्य अनुभवी विषयगत निरीक्षकले मात्र शिक्षकलाई शिक्षण सिकाई सुधार ल्याउनको लगि पेशागत सल्लाह र सुझाव दिन सक्छन। गुणात्मक शिक्षा आजको सबभन्दा ठूला माँगको रुपमा रहेको हो गुणात्मक शिक्षाको लागि र सामाजिक उन्नयनको लागि सुपरिवेक्षकले महत्वपूर्ण भूमिका खेल्छन्। यस प्रकार गुणात्मक शिक्षा र सुपरिवेक्षण बीचमा ठूलो महत्व छ।

प्रधानाध्यापकको सुपरिवेक्षण भूमिकाको विशलेषण त्यसका समस्याहरु तथा समस्या समाधानका उपायहरु तथा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रधानाध्पकले खेल्ने भूमिकाको चर्चा गरिएको थियो। शोधकर्ताले प्रश्नावली, समूहगत, छलफल र कक्षाकोठा निरीक्षण जस्ता अनुसन्धानात्मक साधनद्वारा तथ्यांक संक्लन गरी, निष्कर्षमा शिक्षा ऐन

शिक्षा नियमावलीमा भएको प्रधानाध्यापकको सुपरिवेक्षणीय भूमिका प्रष्ट पार्नु पर्ने, प्रधानाध्यापकलाई सुपरिवेक्षण सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने थप आर्थिक सुविधाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिइएको पाइयो (अर्याल, २०६४) ।

शिक्षण सिकाइलाई व्यवस्थित र सुधारात्मक बनाउन प्रधानाध्यापकले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । प्रधानाध्यापक र शिक्षक बीचको राम्रो सम्बन्ध भए शिक्षण क्रियाकलाप प्रभावकारी बन्न पुग्छ । शिक्षक र निरीक्षकको बीचमा रहेको मानवीय सम्बन्धले पनि शिक्षण सिकाइलाई प्रभावकारी र उद्देश्यमूलक बनाउनमा सहयोग पुऱ्याउँछ ।

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षक र सुपरिवेक्षक बीच अन्तरसम्बन्धमा जोड दिनुको साथै, अन्तर सम्बन्ध स्थापना गर्नुमा आइपरेको समस्याहरुलाई पहिचान गरी त्यसको निराकरणका उपायहरु देखाइएको, कक्षाकोठा शिक्षण सिकाइमा शिक्षकको भूमिकाको अन्तरसम्बन्ध विना सफल शिक्षण सिकाइ हुन नसक्ने प्रष्ट पारिएको, निरीक्षकको भूमिका एउटा प्राविधिक सेवाको रुपमा रहेको, शोधकर्ताको प्रश्नावली, समूहगत छलफल, स्थलगत निरीक्षण र अन्तर्वार्ताको आधारमा तथ्यांक संकलन गरी निष्कर्षमा शिक्षा ऐन, नियमावलीमा भएको शिक्षक आचारसंहिता लागु गर्नुपर्ने शिक्षक र सुपरिवेक्षक बीच मानवीय सम्बन्धको स्थापना हुनुपर्ने, सहयोगात्मक, समन्वयात्मक तथा सामूहिक क्रियाकलाप संचालनमा जोड दिनुपर्ने रहेको पाइयो (भट्टराई, २०६४) ।

कक्षाकोठा शिक्षण सिकाइको सुधार र विकासको लागि शिक्षक र सुपरिवेक्षक बीचको मानवीय सम्बन्ध प्रगाढ हुनुपर्ने कुरामा जोड दिइएको छ । साथै शिक्षण पेशा प्रति समर्पित शिक्षकहरुले आफ्नो कक्षामा उद्देश्यमूलक शिक्षण विधि प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छन् ।

शिक्षकहरु शिक्षण पेशाबाट सन्तुष्ट नरहेको, शिक्षण पेशामा महिला शिक्षकको सहभागिता कम रहेको, तालिम प्राप्त शिक्षकहरु ६५५ र तालिम अप्राप्त ३५५ रहको, वर्तमान शैक्षिक वातावरण प्रति ५२५ शिक्षकहरुको धारणा सकारात्मक रहेको अध्ययनबाट पाइयो । शिक्षक नियुक्ति गर्दा तालिम प्राप्त योग्य, दक्ष र विषयगत शिक्षक

छनौट गर्नुपर्ने, शैक्षिक संस्थालाई राजनितिबाट अलग राख्नु पर्ने कुरा उल्लेख गरेका छन् (पोखरेल, २०६२) ।

शिक्षण पेशा प्रति समर्पित शिक्षकहरुले मात्र आफ्नो कक्षामा उद्देश्यमूलक शिक्षण विधि प्रयोग गर्दा निश्चित रुपमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । यदि शिक्षक आफ्नो पेशाप्रति सन्तुष्ट छैन भने गुणस्तरीय शिक्षा प्रदान गर्न सकिदैन । योग्य र अनुभवी सुपरिवेक्षकले शिक्षकलाई शिक्षण सेवा प्रति सन्तुष्ट बनाउन ठूलो भूमिका खेल्दछ । तालिम, सुविधा र राम्रो सम्बन्ध बनाउन सक्नु राम्रो पक्ष हो ।

सुपरिवेक्षण कमजोर रहनुको कारण अनुसन्धान गरिएको छ । कक्षा शिक्षणमा प्रभावकारिता ल्याउन सुपरिवेक्षण प्रणालीबाट सम्भव भएको कुरालाई जोड दिदैं सुपरिवेक्षण प्रणालीलाई दरिलो बनाउनु पर्ने कुरा उल्लेख गरिएको छ । बढदो हिन मानकिता, जिम्मेबारी बोध र योजनको कमी, प्रोत्साहानको कमी, प्रतिकुल वातावरण र असमान व्यवहार आदिको कारणले गर्दा नेपालको निरीक्षण एवं सुपरिवेक्षण कमजोर भएको कुरा उल्लेख गर्दै निरीक्षक र श्रोत व्यक्तिले मात्र सुपरिवेक्षण गरेर सम्भव नहुने हुदाँ विद्यालय व्यवस्थापन समिति सामुदायको साथसाथै सबै क्षेत्रबाट सहभागिता मुलक भूमिका निभाउने कुरा अनुसन्धानकर्ताले जोड दिइएका छन् ।

माथिको अध्ययन सुपरिवेक्षणको नेतृत्वसँग केन्द्रित रहेको छ । गुणस्तरिय शिक्षाका लागि सुपरिवेक्षण प्रकियाको प्रभावकारिता नै अचुक रामबाण भएको कुरा उल्लेख गरिएको छ । निश्चित पनि सुपरिवेक्षण र नेतृत्व एक अर्कोका परिपूरक जस्तै हुन् । विभिन्न नकारात्मक पक्षहरुको सुधार गर्दै सकारात्मक पक्षमा बढावा दिदैं अगाडि बढनु सान्र्भिक हुन आउँदछ ।

विद्यालय सुपरिवेक्षणको बारेमा अनुसन्धान गरिएको छ । प्रधानाध्यापकले कक्षा संचालन प्रशासनिक कार्यका साथै राजनैनिक कार्यक्रम र जिल्ला शिक्षा कार्यालयमा दौडी राख्ने गरेको कक्षा अवलोकन औपचारिकतामा मात्र सिमित रहेको उल्लेख गरिएको छ । प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले सुपरिवेक्षण लाई राम्ररी बुझ्न नसकेको

हुनाले, सुपरिवेक्षणलाई कार्य प्रभावकारी हुने समस्याको रुपमा भएको निरीक्षकको दरबन्दी कम हुनुको साथै अधिकांश पद रिक्त रहेको योजनागत निरीक्षणको अभाव, सुपरिवेक्षण पश्चात दिएको प्रतिवेदनमा कारवाहीको उत्पन्न भएको कुरा उल्लेख गरिएको छ (थापा,२०६८) ।

माथिको अध्ययन सुपरिवेक्षणको अवस्थासँग सम्बन्धित रहेको छ । विद्यालय निरीक्षक, श्रोतव्यक्ति, प्र.अ., विद्यालय व्यवस्थापन समिति समेतलाई सुपरिवेक्षणसम्बन्धी तालिम व्यवस्था गरी दक्ष बनाउन जोड दिनुको साथै सबै पक्षलाई जिम्मेवार हुने कुरामा जोड दिनु सान्दर्भिक हुन आउँछ ।

## २.२ अनुसन्धानको लागि पुनरावलोकनको उपयोगिता

अनुसन्धान प्रतिवेदनमा पूर्व साहित्यको समिक्षा वा सिद्धान्तको पुनरावलोकन गर्नाले सम्बन्धित विषय वा क्षेत्रको जानकारी लिन, नयाँ विषयवस्तु खोज तथा विषयवस्तुको गहिराइमा पुग्न सकिन्छ । तसर्थ शोधकर्ताले आफ्नो अध्ययनको क्षेत्रमा प्रकाशित गरिएको पुस्तक, पत्रपत्रिका, लेख, रचना, कृतिहरू तथा सिद्धान्तहरूको अध्ययनगरी त्यसको सारांशलाई आफ्नो अध्ययनमा उल्लेख गर्नुपर्दछ । अध्ययनको क्षेत्रमा ज्ञात भएका र वर्तमान समयसम्म पनि अज्ञात रहेका वा परीक्षण नगरिएका प्रमाणबारे जानकारी प्राप्त गरेर पूर्व सिद्धान्तमा आधारित रही आफ्ना अनुसन्धानमा त्योभन्दा बढी वा नयाँ कुरा खोज गर्नु अर्थात् बिल्कुलै नयाँ, अर्थपूर्ण र समस्या केन्द्रित बनाइ निष्कर्षमा पुग्न सक्नु नै अनुसन्धानको शैक्षिक उपादेयता हो ।

सम्बन्धित साहित्यको पुनरावलोकनमा शोधकर्ताहरुले सुपरिवेक्षक शैक्षिक क्रियाकलाप भन्दा प्रशासनिक कार्यमा बढी संलग्न रहेको, कक्षा अवलोकन गरी शिक्षकलाई उपयुक्त, पेशागत सल्लाह र सुझाव दिन नसकेको, स्वंय सुपरिवेक्षकको शैक्षिक योग्यता नपुगेको, अनुभव नभएको, आवश्यकता अनुसारको तालिमको व्यवस्था नपाएको कारणले गर्दा सुपरिवेक्षण सेवा दक्ष तथा प्राविधिक हुन नसकेको । शिक्षामा बदलिदो परिस्थति, बढदो सामाजिक माग, शैक्षिक आवश्यकता तथा विकासले गर्दा शैक्षिक सुधारका पुरानो

पद्धतिमा समसमायिक सुधार गरी शिक्षणमा आई परेको समस्या समाधान गरी प्रभावकारी शिक्षण गर्न मद्दत पुऱ्याउँछ ।

## २.३. सैद्धान्तिक खाका

मोरिस एल कोगन र उनका सहयोगीहरुको उपचारात्मक निरीक्षणको सुरुवात सन् १९५० मा गरेका थिए । यो परिक्षण हर्वार्ड विश्वविद्यालयमा गरिएको थियो ।

उपचारात्मक निरीक्षण पद्धतिमा कक्षाकोठा अवलोकन, कक्षाकोठाभित्र घट्ने घटनाहरुको विश्लेषण एवं शिक्षक र विद्यार्थीहरुका कक्षाकोठाभित्रका व्यवहारमा जोड दिन थालियो । शिक्षणसिकाई निरीक्षण केन्द्रित हुन थाल्यो । यसका लागि नवीनतम् शिक्षणविधिको प्रयोग गरी शिक्षणसिकाइमा देखिएका चुनौतीहरुको सामना गर्न थालियो । शिक्षणकार्यमा स्तरिय लगाउन, शिक्षणसिकाईको कमजोरि पत्ता लगाई सुधार गर्न, शिक्षकमा शिक्षण दक्षता बढाउन र प्रयोगात्मक पक्षमा जोड दिन उपचारात्मक निरीक्षणले सहयोग पुऱ्याउँछ । त्यसैले उपचारात्मक निरीक्षण सिकाईको एक अभिन्न अङ्ग हो । उपचारात्मक निरीक्षण प्रक्रियाका आठओटा अवस्था हुन्छन भनी उल्लेख गरेका छन् । तिनको संक्षिप्त रुपमा यहाँ उल्लेख गरिएको छ ।

शिक्षक र निरीक्षण बीचको सम्बन्ध स्थापित गर्नु उपचारात्मक निरीक्षणको पहिलो अवस्था हो । शिक्षक र निरीक्षक बीचको सम्बन्धलाई प्रभावकारी, सहजसुधार र स्थायी बनाउनु प्रथम चरणको आधारभूत प्रक्रिया हो । यसका लागि निरीक्षकले तीनओटा कार्य गर्नुपर्छ । (क) शिक्षकसँग उपचारात्मक सम्बन्धको स्थापना (ख) शिक्षकलाई उपचारात्मक निरीक्षणको समान्य जानकारी (ग) शिक्षकलाई नयाँ भूमिका र कार्यहरु प्रदान । यी प्रथम चरणका कार्य पूरा गरेपछि निरीक्षकले शिक्षकलाई आफू एउटा असल सहयोगी हो भन्ने कुराको विश्वास दिलाउनुपर्छ । यसका लागि निम्नलिखित कार्य गराउनु जरुरी छ । (क) शिक्षकसँग बारम्बार भेटघाट गरिरहनुपर्छ । (ख) शिक्षकका समस्याहरुको जानकारी लिई समाधानमा सहयोग गर्नुपर्छ । (ग) शिक्षकका दु:खमा सहानुभुति र सुखमा आनन्दका अनुभुति दिलाउनु पर्छ । (घ) आफ्ना घरायसी

व्यवहारहरु पनि सुनाउनुपर्छ । सुपरिवेक्षक नम्र र मिजासिलो हुनुपर्छ । नम्र बोलीले सबैलाई प्रभाव पार्ने हुनाले शिक्षकसँग कुरा गर्दा संयमित र धैर्यवान हुनुपर्छ ।

यस प्रक्रियामा शिक्षकसँग मिलेर योजना निर्माण गर्ने, पाठयोजना, एकाई योजना वार्षिक कार्ययोजना आदी तय गर्नुपर्छ । शैक्षिक योजना तर्जुमा गर्दा शिक्षण सिकाईमा सम्भावित समस्या, तनिको, निराकरण, शैक्षिक सामग्रीको प्रयोग मूल्याङ्कनका विभिन्न तरिका आदि निधार्रण गर्नुपर्छ । यसका लागि शिक्षक र निरीक्षक सँगै बसेर सहकार्य गर्नुपर्छ । यसबाट शिक्षण भए नभएको अवलोकन गरी शिक्षण सिकाईमा सुधार ल्याउन सकिन्छ । योजना कार्यान्वयन गर्दा, पृष्ठपोण प्राप्त गर्न, सबल र दुर्बल पक्षको लेखाजोखा गरी आयश्यकतानुसार योजनाको पूर्नसंरचना गर्न सकिन्छ ।

यस योजना अन्तर्गत शिक्षक र निरीक्षकको सहमति अनुरुप कक्षा अवलोकन गरिन्छ । कक्षाकोठा अवलोकन गर्दा दुवैको सहमति अनुरुपको विकास गरिन्छ । यसैगरी समय, अवलोकनका लागि बस्ने स्थान, कक्षाको विषयमा पनि सहमति कायम गरी कार्य आरम्भ गरिन्छ । यसबाट शिक्षक र निरीक्षक बीच आत्मीयता कायम भई कार्यशैलीमा पनि परिवर्तन हुन जान्छ । त्यसैले आकस्मिक निरीक्षण गर्नाले उपचारात्मक निरीक्षणमा सहयोग पुग्छ । यसबाट शिक्षक र निरीक्षकबीचको सम्बन्ध अझ प्रगाढ र सुमधुर बन्न गई शिक्षणसिकाईमा सुधार ल्याउन सकिन्छ ।

अवलोकनको रणनिति तयार गरेपछि कक्षामा घटेका घटनालाई शिक्षक स्यम् वा निरीक्षकले अभिलेख राख्नुपर्छ । यस्तो अभिलेखले शिक्षण सिकाईलाई मद्दत पुऱ्याउँछ । शिक्षण सीप विकासमा पनि अभिलेखबाट राम्रा पक्ष र नराम्रा पक्ष झल्कले हुनाले आवश्यक्ता अनुसार सुधार गर्न सकिन्छ । शिक्षण कार्यको अवलोकन गर्दा अवलोकनको उद्देश्य र अवलोकन फर्मको समुचित प्रयोग गर्नुपर्छ । कक्षामा घटेका अन्य क्रियाकलापको अभिलेख राख्ने र विद्यार्थी क्रियाकलाप र कक्षामा घटेका अन्य क्रियाकलापको अभिलेख राख्ने कुरामा विशेष ध्यान दिनुपर्छ । त्यसैले उपचारात्मक निरीक्षण प्रक्रियालाई निदानात्मक र चरणवद्ध शृङ्खलाका रुपमा लिन सकिन्छ ।

कक्षा अवलोकनपछि कक्षामा घटेका घटनाहरुको वस्तुस्थिति बारे जानकारी हासिल गर्न शिक्षक र निरीक्षकसँग बसी गहन छलफल अन्तरक्रिया, बहस गरी सही निष्कर्ष निकाल्नुपर्छ । कुनै पनि घटनाको वास्तविक कारण र त्यसको परिणामको पनि सत्यतथ्य बुझी गहन विश्लेषण गर्नु जरुरी छ । निर्धारित योजना अनुसार शिक्षण कार्य भए नभएको विश्लेषण गरी त्यसमा देखिएका कमीकमजोरी सच्याउनेतिर लाग्नुपर्छ । कक्षा अवलोकनका उपलब्धिहरु र त्यसका सकारात्मक एवम् नकारात्मक पक्षहरुलाई केलाई भावी योजना निर्माण गर्नुपर्छ ।

सुपरिवेक्षणको प्रारम्भिक चरणमा शिक्षक र निरीक्षक बीच आपसी भेटघाट योजना निर्माण, रणनितिको तयारी, समय, सम्मेलनको स्थान र विषय निर्धारण भइसकेपछि असल सम्बन्ध निरीक्षकले तय गर्ने भए पनि यस्ता कार्य संयूक्त रुपमा गर्नु उपयुक्त हुनेछ । सम्मेलनका योजना निर्माण गर्दा शिक्षक र निरीक्षक बाहेक अन्य विषयको तयारी गर्नुपर्छ । सम्मेलनलाई भए गरेका कार्यहरुको अभिलेख राख्ने व्यवस्था गर्नुपर्छ । यसरी सम्मलेनलाई सफल र कार्योन्मुख अभिलेख राख्ने व्यवस्था गर्नुपर्छ । यसरी सम्मलेनलाई सफल र कार्योन्मुख बनाउन योजना निर्माणलाई महत्वपूर्ण पक्षको रुपमा लिने गरिन्छ ।

शिक्षण सिकाईमा भएका कमीकमजोरी हटाउन, आवश्यक सुधार गर्न, शिक्षकको आत्ममूल्याङ्कन गर्नु सुधारका लागि प्रेरित गराउन सम्मेलनको आयोजना गरिन्छ । यस्ता सम्मेलनको शिक्षक र निरिक्षक बीचको सम्बन्ध सुधार गर्न मद्दत पुग्छ । निरीक्षकले, आयोजना गर्दा निरीक्षक बीचको सम्बन्ध विचार राख्ने अवसर दिने र निरीक्षकले धैर्यतापूर्वक सुन्नुपर्छ । त्यसैगरी आवश्यकतानुसार नमूनापाठ प्रदर्शन गर्न, वातावरण सहज र रमणीय बनाउने, संयुक्त कार्य गर्ने र सकारात्मक पक्षमा जोड दिनुपर्छ । यस्तो सम्मलेनमा निरीक्षक र शिक्षकको सहभागिता रहन्छ । यसबाट शिक्षणसिकाईमा अपेक्षित सुधार गर्न सकिन्छ ।

यस अघिका प्रयासबाट पृष्ठपोषण प्राप्त गरी पुनः योजना गरिन्छ । एकपटक बनाइएको योजना कार्यान्यन गरिसकेपछि त्यसमा देखिएका त्रुटि हटाई पुनः योजना निर्माण गरिन्छ

। योजनाको सही लेखाजोखा गरी आवश्यकतानुसार सुधार र परिमार्जन गर्नु आवश्यक छ । पुनर्सरचित योजना पहिलेको भन्दा व्यवहारिक, पुर्ननिर्माण गर्दा प्रभावकारी उपयुक्त र फलदायी हुनेछ । यस्ता योजना पुर्ननिर्माण गर्दा निरीक्षक र शिक्षकको सहकार्य आवश्यक मानिन्छ ।

मेरिस एल कोगनका यी आठओटा चरणहरु पूरा गरेपछि उपचारात्मक निरीक्षणका कार्य प्रक्रियाहरु पूरा हुन्छ । यी कार्य प्रक्रियाले शिक्षणसिकाई कार्यको प्रभावकारी अझ बढने, शिक्षकमा आत्मविश्वास बढने, सहयोगी सहयोगात्मक भावनाको विकास हुने, सहभागिता बढदै जाने र टिम कल्चरको भावना विकास भई शैक्षिक क्षेत्रमा उल्लेखनीय प्रगति हासिल हुन सक्नेछ । तसर्थ उपचारात्मक निरीक्षणमा मेरिस कोगनका यी आठओटा कार्यप्रक्रिया निश्चित पनि सकारात्मक प्रभाव पार्छ । यसबाट शिक्षक र निरीक्षकबीचको सम्बन्ध प्रगाढ र सुदृढ बन्दै जानेछ । यसले शिक्षण सिकाईलाई मद्दत पुऱ्याउँछ ।

# परिच्छेद तीन

# अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्य अगाडि बढाउनलाई शोधको उद्देश्य परिपूर्ति गर्नका लागि विभिन्न तरिकाले तथ्यांकहरुको संकलन, विश्लेषण तथा प्रस्तुतीकरण गरिने प्रक्रियालाई अध्ययन विधि भनिन्छ । अध्ययन विधिको सम्बन्धमा वेस्ट एण्ड कान (१९९५) का अनुसार "अनुसन्धान भनेको त्यो व्यवस्थित र बस्तुगत विश्लेषण तथा नियन्त्रित अवलोकनको अभिलेख राख्ने कार्य हो" जसले कुनै विशेष प्रक्रियाको प्रभाव अथवा कारणका रुपमा रहेको विभिन्न घटनाका समान्यीकरण गरी सिद्धान्तको विकासमा सहयोग पुऱ्याउँछ । यसले शोधको सान्दर्भिकता कायम गर्दछ र शोधार्थीलाई आफ्नो कार्य अगाडि बढाउन मद्दत गर्दछ । यस अध्ययन अनुसन्धानको उद्देश्य शिक्षण सिकाइ र सुपरिवेक्षण बीच सम्बन्धको विश्लेषण गर्नु सुपरिवेक्षणको प्रभाव पत्ता लगाउनु तथा त्यसमा रहेको समस्याहरुको पता लगाई सल्लाह सुझाव अनुसार निष्कर्षमा पुग्नु थियो । यसमा प्रयोग भएका विधिहरुलाई तपसिलका उपशीर्षकहरुमा प्रस्तुत गरिएका छन् ।

## ३.१ अनुसन्धन ढाँचा

अनुसन्धान कार्यको लागि बृहत योजना तथा रणनिति निर्माण गर्नु नै अनुसनधान ढाँचा हो । यो अध्ययन वर्णनात्मक र गुणात्मक ढाँचामा आधारित छ । यो अध्ययनको समस्या, क्रियाकलाप र समस्या समाधाका उपायको विश्लेषण गर्न गुणात्मक तथ्यांक तथा उक्त चरणहरुको परिणामलाई प्रत्यक्षरुपमा मापन गरी प्राप्त संख्यात्मक तथ्यांकलाई विश्लेषण गरी निष्कर्षमा पुग्न गुणात्मक तथ्यांक उपयोग गरिऐको छ ।

## ३.२ जनसंख्या र नमुना छनोट

मनोविज्ञान तथा समाजशास्त्र जस्ता व्यवहारिक विषयहरुमा गरिने अनुसन्धानको क्रममा एउटा विशिष्ट समूहमा प्रयोग परीक्षण र अध्ययनगरी अनुमान प्रस्तुत गरिन्छ । त्यही विशिष्ट समूहलाई जनसंख्या भनिन्छ । यस अध्ययन अनुसन्धान शिक्षण सिकाइमा सुपरिवेक्षणको प्रभावकारिता अध्ययनका लागि जिल्ला भरिको सामुदायिक विद्यालयहरुमा

प्राथमिक शिक्षक संख्या १८५०, नि.मा.वि. शिक्षक संख्या ४६५ र माध्यमिक शिक्षक संख्या २११ रहेको, जिल्ला शिक्षा कार्यालयमा चार जना विद्यालय निरीक्षक तथा ११ जना श्रोतव्यत्तिहरु कार्यरत रहेका छन् । सबै शिक्षकहरु, विद्यालय निरीक्षक,, श्रोतव्यक्तिहरु तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई यस अनुसन्धान कार्यमा समावेश गराउनु असम्भव छ । तसर्थ यस अनुसन्धानलाई सजिलो बनाउन यसको जनसंख्याको रुपमा विद्यालय निरीक्षक, श्रोतव्यक्ति, विद्यलय व्यवस्थापन समितिको अध्यक्ष, सामुदायिक विद्यालयको शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई जनसंख्याको रुपमा लिएको थियो ।

सम्पूर्ण जनसंख्याबाट छानिएका प्रतिनिधिमूलक संख्यालाई नमुना भनिन्छ । यस अनुसन्धान कार्यमा संलग्न गराई सहभागी गराइएको जनसंख्यालाई लैङ्गिक, क्षेत्रिय र भाषागत आधारमा नमुना छनोट गरिएको छ । चार सामुदायिक विद्यालयहरुमा २ शहरी क्षेत्रबाट र २ गाउँले क्षेत्रबाट विद्यालयहरुको सम्भावनायुक्त नमूना छनौट विधिबाट गरिएको थियो । प्रत्येक विघालयवाट ४/४ जना  विद्यार्थीहरु (२ छात्र २ छात्रा) सम्भावनायुक्त नमूना छनौट विधिबाट १६ जना  छात्र छात्राहरुलाई छनौट गरिएको छ । ८ जना शिक्षकहरु तथा ८ जना अभिभावकहरु सम्भावनायुक्त नमूना छनौट विधिबाट छनौट गरिएको थियो । एक जना विद्यालय निरीक्षक, एक जना श्रोतव्यक्तिको साथै शहरी र गाउँले क्षेत्रबाट क्रमशः २ र २ विद्यालय व्यवस्थापना समितिका अध्यक्षहरु तथा प्रधानाध्यापकहरु उद्देश्यमूलक  नमूना छनौट विधिबाट छनौट गरिएको थियो ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

यस अनुसन्धान कार्यका लागि दुई किसिमका स्रोतहरु उपयोग गरिएको छ । जसले शोध कार्यलाई पुर्णता दिइएको छ । तीप्राथमिक स्रोत र द्वितिय स्रोत हुन् ।

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतको रुपमा शिक्षक औसत उपस्थिति एस.एल.सी. को नतिजा सुपरिवेक्षणमा प्रभाव पर्ने तत्व र सुपरिवेक्षणको समस्याहरुका साथै सुपरिवेक्षणको समस्याका समाधान गर्ने उपायहरु सम्बन्धी तथ्य र तथ्याङ्कहरु रहेका छन् ।

### ३.३.२ द्वितीय स्रोत

यो अध्ययनको उद्देश्य पूरा गर्नका लागि शोधार्थीले आफैं सम्बन्धित साहित्यको अध्ययन, शिक्षा ऐन र नियमावलीको अध्ययन तथा सम्बन्धित विज्ञहरुसँग सर्म्पक राखी तथ्याङ्कहरु संकलन गरिएको थियो । अध्ययन अनुसन्धान गर्ने क्रममा विषयसँग सम्बन्धित विभिन्न प्रकाशित पत्रपत्रिका, डकुमेन्ट, लेख रचना, आदिबाट तथ्याङ्क संकलन गर्ने कार्य द्वितीय स्रोत हो । यस अनुसन्धानको क्रममा द्वितीय वा सहायक श्रोतको रुपमा विद्यालयक अभिलेख गा.वि.स. का तथ्याङ्कहरु गा.वि.स. बाट प्रकाशित लेख तथा रचनाहरु, जि.वि.स. र शिक्षा विभागका डकुमेन्ट रहेका छन् । यसबाट सुपरिवेक्षणको इतिहास, वर्तमान स्थिती लगायत सुपरिवेक्षणसँग सम्बन्धी शोधपत्रका निष्कर्षहरु लिएको छ ।

## ३.४ अध्ययनको साधन

कुनै पनि विषयको अनुसन्धान कार्यमा तथ्यांक संकलन महत्वपूर्ण हुन्छ । शिक्षण सिकाइ प्रभावकारिताका लागि सुपरिवेक्षणको भूमिका अध्ययनको लागि शिक्षक, प्रधानाध्यापक, विद्यालय निरीक्षक, श्रोतव्यक्ति, विद्यालय व्यवस्थापना समितिका लागि छुट्टा छुट्टै प्रश्नावली तयार गरी प्रश्नोत्तर, समूहगत छलफल तथा कक्षा अवलोकनको माध्यमबाट तथ्यांक संक्लन गरिएको छ । यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि आवश्यक तथ्याङ्क संक्लन गर्न निम्न प्रकारका साधनहरुको प्रयोग गरिएको थियो ।

### ३.४.१ प्रश्नावली

शैक्षिक तथा मनोविज्ञान क्षेत्रमा गरिने सबभन्दा प्रचलित र लोकप्रिय विधिको रुपमा प्रश्नावली प्रमुख विधि हो । प्रश्नावली सम्बन्धमा (खनाल, २०६१) का अनुसार प्रश्नावली, मनोविज्ञान, सामाजिक, शैक्षिक अदि विषयसँग सम्बन्धित श्रृंखलाबद्ध प्रश्नहरु संकलन गर्ने, त्यो साधन हो जसलाई अनुसन्धानका समस्याहरु समाधान गर्ने उद्देश्यले व्यक्ति तथा व्यक्तिहरुको समूहमा पठाइन्छ ।

यस अध्ययन कार्य अन्तर्गत तीन प्रकारका प्रश्नावलीहरु प्रस्तुत गरिएको थियो । अध्ययन क्षेत्र विद्यालय र जिल्ला शिक्षा कार्यालयको अवलोकन भ्रमण पश्चात

सम्बन्धीत सामुदायिक किद्यालयका प्रधानाध्यापकहरु श्रोतव्यक्ति, विद्यालय निरीक्षक शिक्षकहरुलाई खुल्ला र बन्द प्रश्नावलीको प्रयोग गरिएको थियो । जसलाई अनुसूची ५ र ६ मा राखिएको छ ।

### ३.४.२ अन्तर्वार्ता

शैक्षिक अनुसधानको लागि प्राथमिक तथ्याङ्कहरु संक्लन गर्ने विधिहरु मध्ये अन्तर्वार्ता पनि प्रमुख विधि हो । जसमा अनुसन्धानकर्ता र सरोकारवालाहरु आमुन्ने सामुन्ने भएर तथ्याङ्क संकलन गर्नुका साथै टेलिफोनबाट समेत प्रश्नोत्तर गर्न सकिन्छ । (खनाल, २०६१) का अनुसार अन्तर्वार्ता  व्यक्ति व्यक्तिबीचको साक्षातात्मक अवस्था हो जहाँ अन्तर्वार्ताकार र उत्तरदातासँग यस्तो प्रश्न गर्छ जो शोध समस्याको उद्देश्यका लागि उपयुक्त हुन्छ । यसमा विषय शिक्षक तथा निरीक्षक तथा श्रोतव्यक्तिसँग कक्षाकोठा शिक्षण सिकाइका समस्याहरु, शैक्षिक उपलब्धिकै बारेमा प्रश्नहरु गरिएको थियो । यस बाहेक कक्षाकोठा शिक्षण सिकाइमा सुपरिवेक्षणले के कस्ता प्रभाव पार्दछ भन्ने सम्बन्धमा पनि प्रश्नहरु र कक्षा अवलोकन फारम समावेश गरिएको थियो । शिक्षक, निरीक्षक र श्रोतव्यक्तिको अन्तर्वार्ताको लागि तयार गरिएको प्रश्नहरु अनुसूचि २ मा राखिको छ ।

### ३.४.३  अवलोकन फारम

अनुसन्धानका लागि तथ्याङ्क संकलन गर्ने उपकरणको रुपमा गरिने अवलोकन व्यवस्थित, सिद्धान्त परक र यथार्थ हुन्छ । अवलोकन विधिद्वारा प्रयोगात्मक, वर्णनात्मक एवं गुणात्मक गरी तीनै प्रकारका अनुसन्धानमा तथ्याङ्क संकलन गर्न सकिन्छ । विभिन्न प्रकारका घटनाको सहि जानकारी पाउन तिनीहरुको सम्वन्धको बारेमा सही ढंगले हेर्न, अनुभूति गर्न र आफ्नो पूर्व कल्पनाको परीक्षण गर्नुलाई अवलोकन भनिन्छ अर्थात अवलोकन परिकल्पनाको प्रमुख साधन हो । यस अध्ययनमा राखिएका उद्देश्यहरु परिपूर्ति गर्नका लागि तथ्याङ्क संकलन, प्रविधिको अध्ययन गरी आफ्नै तरिकाले फारम निर्माण गरी तथा कक्षा अवलोकन फारमहरुको प्रयोग गरी कक्षा अवलोकन गरिएको थियो ।

शोधार्थी स्वयम्ले विद्यालयहरुको तीन पटक अध्ययन अवलोकन गरेका थिए । पहिलो पटक विद्यालयका प्रधानाध्यापक र शिक्षकसँग भेट गरी कक्षा ८, ९ र १० मा पढाउने विषयगत शिक्षकसँग औपचारिक रुपमा कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकनमा मुल रुपले शिक्षण सिकाइको बखत शिक्षकको व्यवहार, विद्यार्थीको व्यवहार तथा कक्षामा घटनाहरुबारे अवलोकन गरिएको थियो । तेश्रो पटकको अध्ययनमा कक्षाकोठा भित्रका क्रियाकलापहरु अन्तिम बेन्चमा बसेर अवलोकन गरिएको थियो । शिक्षकले गरेको अध्यापन क्रियाकलापबाट विद्यार्थीहरु संतुष्ट छन् कि छैनन् र सजिलो गरि सिक्नका लागि के व्यवस्था गर्नुपर्ला भने छनौट गरिएका विद्यार्थीहरु प्रत्यक्ष रुपमा प्रश्न सोधिएको थियो । अन्य अवलोकन फारमहरुको प्रयोग गरिएको छ । जसलाई अनुसूची ४ मा नमूनाको लागि राखिएको छ ।

### ३.४.४ समूहगत छलफल

यस अनुसन्धान कार्यको लागि आवश्यक जानकारी हासिल गर्न शिक्षक प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, विद्यालय निरीक्षक र शोधार्थी स्वंय बसी विभिन्न प्रश्नहरुमा छलफल गरिएको थियो । सुपरिवेक्षणको कक्षा शिक्षण-सिकाइमा कस्तो व्यवस्था गर्नुपर्दछ ? तथा सुपरिवेक्षणले शिक्षकको पाठयोजनामा पारेको प्रभाव बारे पनि प्रश्न गरिएको थियो । अन्तमा विद्यार्थीहरुको सिकाइ उपलब्धिका लागि सकरात्मक रुपले कस्ता सुपरिवेक्षण व्यवस्था गर्न सकिन्छ भने विषयमा शिक्षक, प्रधानाध्यापक, श्रोतव्यक्ति र विद्यालय व्यवस्थापन समिति, अभिभावकसँग विभिन्न प्रश्नहरु गरिएको थियो । छलफलका प्रश्नहरुको नमूना अनुसूचि ३ मा राखिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रकिया

अध्ययनको उद्देश्य पूरा गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना सङ्कलन गर्नुपर्ने हुन्छ । यस अध्ययनको लागि छनौटमा परेका विद्यालयहरुमा शोधार्थी स्वयं  आफैले प्रत्यक्ष रुपमा उपस्थित भई विद्यालयको भौतिक व्यवस्थापन, कक्षाकोठा भौतिक सुविधाको उपयुक्तता, शैक्षिक उपयुक्तताको अवलोकन गरी अवलोकनको लागि अनुसूचीमा प्रश्न निर्माण गरी तथा कक्षा अवलोकन फारमहरुको आधारमा व्याख्या

विश्लेषण गरिएको थियो । त्यसैगरी व्याख्या विश्लेषणको लागि छनौट गरिएको विषय शिक्षक प्रधानाध्यापक, विद्यालय निरीक्षक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको लागि अन्तर्वार्ताका लागि प्रश्न निर्माण गरी शोधार्थी स्वयं उत्तरदाता समक्ष उपस्थित थियो । यस प्रक्रियाबाट शिक्षकको कक्षा शिक्षण सिकाइ तथा सुपरिवेक्षणको धारणा र विद्यार्थीको र सिकाइ उपलब्धी बढाउने प्रति शिक्षकको मानसिकता जान्न सजिलो हुनेछ ।

कक्षागत अध्ययनरत विद्यार्थीहरुको मानसिकता जान्न शिक्षण सिकाईमा कक्षा अवलोकनको प्रभावकारिता जान्न सजिलो भएको थियो । शिक्षक र विद्यार्थीको अवलोकन तथा कक्षाकोठामा घटित घटनाहरुको अवलोकन अन्तर्वाता पछि सामूहिक रुपमा शिक्षक विद्यार्थी र शोधार्थी बसी कक्षा अवलोकनले विद्यार्थीको सिकाइमा प्रभाव पार्ने आन्तरिक र वाह्य तत्वहरु र अवलोकनले विद्यार्थीमा पारेको प्रभाव बारेमा छलफल गरिएको थियो । यसको साथै श्रोतव्यक्ति/वि.नि. तथा प्रधानाध्यापक व्यवस्थापन समितीहरु सँग पनि कक्षा अवलोकनबारे छलफल गरी रिर्पोट तयार गरिएको थियो । शिक्षण सिकाइको प्रभावकारिता बढाउने प्रश्नावली, अन्तर्वार्ता र समूहगत छलफलको आधारमा अनुसन्धानको उद्देश्य अनुरुप सुपरिवेक्षकद्वारा तथ्याङ्क सङ्कलन गरी त्यसको विश्लेषण तथा प्रस्तुतीकरण गरी अनुसन्धनात्मक प्रश्नहरुको उत्तर खोजिएको छ ।

**३.६ तथ्याङ्क विश्लेषण प्रकिया**

विभिन्न श्रोतबाट सङ्कलन गरिएका महत्वपूर्ण तथ्याङ्कहरु तथा सूचनाहरुलाई तथ्याङ्क शास्त्रीय विविध प्रक्रियाबाट प्रस्तुत गर्दै शिक्षाविद्हरुका सैद्धान्तिक खाँका र स्थापित मान्यताहरुको कसीमा राखी विश्लेषण गरिएको छ । यस क्रममा तथ्याङ्क तथा सूचनाहरुको वर्गीकरण, तालिकीकरण, न्यूनतम तथा अधिकतम् परिमाण प्रस्तुती औसत निकाल्ने, प्रतिशतमा प्रस्तुती गर्ने तथा तालिका, आदि प्रयोग गरी तथ्याङ्कलाई प्रस्तुत गरिनेछ । यसरी सङ्कलित तथ्याङ्कको आधारमा विद्यालय सुपरिवेक्षणको अवस्था बारेमा परिणात्मक विधिको प्रयोग गर्दै प्रस्तुत तथा विश्लेषण गरिनेछ । अध्ययनका क्रममा

व्यख्यात्मक र वर्णनात्मक विधिहरु पनि अपनाइएको छ साथै सिद्धान्त अनुसार विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# नतिजा विश्लेषण

सुपरिवेक्षण प्रक्रिया एक प्राविधिक प्रक्रिया हो । विद्यालय व्यबस्थापन समितिद्वारा गरिने सुपरिवेक्षण प्रक्रियालाई प्रभावकारी बनाउन सबैलाई जवाफदेही बन्नु पर्दछ । यस अध्ययनमा विभिन्न तरिका र साधनको प्रयोग गरी प्राप्त हुन आएको तथ्याङ्कहरुलाई विभिन्न शीर्षक राखी व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालय व्यवस्थापन समितिद्वारा गरिने सुपरिवेक्षण कार्यको अवस्था

सिरहा श्रोतकेन्द्र सिरहामा सुपरिवेक्षणको जिम्मेवारी पाएका र तोकिएको श्रोतव्यक्ति, पधानाध्यापक र विद्यालय व्यवस्थापना समिति तथा शिक्षक अभिभावक संघहरुले आ-आफ्नो जिम्मेवारी कसरी कुन रुपमा निर्वाह गरेका छन् र त्यसको प्रभाव शैक्षिक विकासमा के कसरी परेको छ, त्यसको अवलोकन, जाँचबुझ तथा अध्ययन गरी विश्लेषण कार्यलाई यहाँ प्रस्तुत गरिएको छ । विद्यालय व्यवस्थापन समितीबाट गरिने विद्यालय सुपरिवेक्षणको अवस्था कस्तो छ ? विद्यालय सुपरिवेक्षणमा के कस्ता समस्याहरु छन् र कस्तो भुमिका निर्बाह गर्नु पर्ने हो भन्ने उद्देश्यले विद्यालय सुपरिवेक्षणको अवस्थाको बारेमा विश्लेषणात्मक तथा विवरणात्मक चर्चा गरिएको छ ।

विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्यको तत्कालीन प्रभावकारी र आवश्यकतालाई ध्यानमा राखी वि.स. २०४९ मा राष्ट्रिय शिक्षा आयोगको सिफारिसमा विद्यालय संख्याको आधारमा ७५ जिल्लाहरुलाई क, ख, ग र घ वर्गमा वर्गीकरण गरी कम्तीमा २ जना विद्यालय निरीक्षण र बढीमा १४ जना विद्यालय निरीक्षक रहनेगरी देशभरमा ४९२ जना विद्यालय निरीक्षकको दरबन्दी कायम गरी विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्य र समग्र शिक्षा प्रशासन सेवालाई नै प्राविधिक सेवामा स्थापित गरिएबाट विशेष महत्व दिएको पाइन्छ । विद्यालय संख्याको वृद्धिको क्रमसंगै शिक्षण सिकाई कार्यलाई प्रभावकारी र अर्थपूर्ण बनाउन आवश्यक्तादेखि सेती परियोजना तथा प्राथमिक शिक्षा विकास परियोजना नामक परीक्षण कार्यक्रमको सफलतालाई आधारमानी २०४९ देखि चरणवद्ध

रुपमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागु गरी ७५ जिल्लाहरुमा कम्तीमा ६ र बढीमा ३३ श्रोत केन्द्रहरु हुने गरी जम्मा १३६९ ओटा (शिक्षा विभाग) श्रोत केन्द्रहरुको व्यवस्था गरियो जसमा शिक्षा विषयमा स्नातक तहको शैक्षिक योग्यता हासिल गरेको जनशक्तिहरुलाई श्रोतव्यक्तिको रुपमा नियूक्ति गरी विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई शसक्त र सार्थक बनाउने प्रयत्न गरिएको पाइन्छ । वि.स. २०६२ सालबाट श्रोतकेन्द्रको संख्यालाई पूर्नसंरचना गरी १०९१ वटा श्रोतकेन्द्र स्वीकृत भएकोमा हाल १०५३ वटा श्रोतकेन्द्रको कार्य संचालन भइरहेको छ (शिक्षा विभाग २०६६) । विद्यालय निरीक्षक तथा श्रोतव्यक्तिहरुलाई आवश्यक ज्ञान शिप र क्षमता प्रदान गर्न पाठ्यक्रम विकास केन्द्र शैक्षिक जनशक्ति विकास केन्द्र शिक्षा विभाग तथा शिक्षा मन्त्रालय र सो अन्तर्गत सम्बन्धीत शाखाहरु समेतको स्थापना गरिएको छ । यसको अतिरिक्त समयको माग र आवश्यकतालाई मनन गरी समय सापेक्ष विद्यालय निरिक्षण तथा श्रोतव्यक्तिहरुलाई दिने विषयगत तालिमले निरन्तरता पाएको छ ।

### ४.१.१ सुपरिवेक्षणको दरबन्दी

यस सर्न्दभमा जिल्ला शिक्षा कार्यालय सिरहामामा सुपरिवेक्षणको रुपमा काम गर्ने दक्ष जन शक्तिको निम्नानुसार व्यवस्था गरिएको छ । विद्यालय निरीक्षणको यी ब्यबस्था हुदाँहुदै पनि निरीक्षण कार्य प्रभावकार्रा नहुँदा विद्यालयमा गुणस्तरीय शैक्षिक ब्यबस्था देखिएन । गुणस्तर शैक्षिक ब्यबस्था कायम गर्न तथा विद्यालयको पूर्ण ब्यबस्थापनका लागि सरकारले विद्यालय ब्यबस्थापन समितिलाई शिक्षक नियूक्ति, विद्यालयमा सरुवा गर्ने, वढुवा गर्ने तथा विद्यालयको भौतिक ब्यबस्थापनको जिम्मेबारी विद्यालय ब्यबस्थापन समितिलाई दिइएको छ । यीसँगै विद्यालयको समयमा निरीक्षणको जिम्मेबारी समेत विद्यालय ब्यबस्थापन समितिको रहेको छ । के विद्यालय ब्यबस्थापन समितिले विद्यालयमा गरेको सुपरीवेक्षण कार्य प्रभावकारी छ ? यी विषयमा केन्द्रित भएर यो अध्ययन गरिएको छ ।

**तालिका १ : जिल्ला शिक्षा कार्यालय सिरहाको दरबन्दीको अवस्था**

| सि.नं. | पद | दरबन्दी | हालको आवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | जि.शि.अ. | १ | १ | - |
| २. | सा.जि.शि.अ. | ५ | २ | |
| ३. | शाखा अधिकृत | २ | १ | एक पद रिक्त |
| ४. | वि.नि. | ६ | ४ | एक पद रिक्त |
| ५. | श्रोतव्यक्ति | ११ | ११ | - |

(स्रोत : जि.शि.का. सिरहा २०७०)

सुपरिवेक्षकको रुपमा काम गर्ने जिल्ला शिक्षा अधिकारी, शाखा अधिकृत, विद्यालय निरिक्षक र श्रोतव्यक्ति जिल्ला शिक्षा कार्यालयमा कार्यरत रहेका हुन्छ। शिक्षा अधिकारीको रा.प.द्वितीय श्रेणीको दरबन्दीको व्यवस्था गरिएको हुन्छ। भने शाखा अधिकृत, विद्यालय निरीक्षक रा.प.तृतीय श्रेणीको दरबन्दीमा कार्यरत रहेको हुन्छ। श्रोतव्यक्तिको हकमा मा.शि.तृतीय श्रेणीका शिक्षकहरु तथा सोही स्तरका वी.एड.,वी.ए., वी.एड गरेका व्यक्तिहरु कार्यरत रहेका हुन्छ। शाखा अधिकृत दरबन्दी हुँदा हुँदै सुपरिवेक्षण कार्यमा कमी आउनु हुँदैन तर यहा त्यस्तै भएको देखिन्छ। यसले शिक्षा विकासमा ह्रास आउनु स्वभाविक हुन जान्छ। त्यस्तै वि.नि.को दरबन्दी हुँदा हुँदै पनि एउटा समस्या रहेको पाइयो।

### ४.१.२ विद्यालय निरीक्षण

शिक्षा ऐन २०२८ (आठौं संसोधन र शिक्षा नियमावली २०५९ (दोश्रो संसोधन सहित) को नियमावली १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य अधिकार जिल्ला शिक्षा स्तर सुधार गर्ने निरीक्षण गर्ने जस्ता कार्य तोकिएको छ। यसै नियमावलीको नियम १७ मा विद्यालय निरीक्षणले प्रत्येक महिनामा कम्तीमा १ पटक निरीक्षण गर्ने र निरीक्षणकै क्रममा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति सँग छलफल गरी छलफल भएको कुरा निरीक्षण पुस्तिकामा जनाउने जस्ता कुराहरु विद्यालय निरीक्षणको काम, कर्तव्यको रुपमा तोकिएको छ। यस सम्बन्धमा

लक्षित समुह छलफल र प्रश्नावलीहरुबाट सोधिएका प्रश्नहरुको उत्तर निम्नानुसार प्राप्त भएको छ ।

**तालिका २ : विद्यालय निरीक्षणको अवस्था**

| सि.नं. | वार्षिक निरीक्षण पटक | विद्यालय निरीक्षण प्रतिशत | श्रोत व्यक्ति | विद्यलय व्यवस्था समिति | प्रधानाध्यापक |
|---|---|---|---|---|---|
| १. | १ हप्तामा १ पटक | – | – | ३ | ५ |
| २. | १५ दिनमा १ पटक | – | १ | ५ | ४ |
| ३. | १ महिनामा १ पटक | ५ | ३ | ४ | ३ |
| ४. | २ महिनामा १ पटक | – | १ | ३ | ३ |
| ५. | वर्षमा ४ पटक | २५ | – | – | – |
| ६. | वर्षमा २ पटक | १० | – | – | – |
| ७. | वर्षमा १ पटक | ३५ | – | – | – |
| ८. | वर्षमा ० पटक | २५ | – | – | – |

(स्रोत : स्थलगत अध्ययन २०७०)

शिक्षा नियमावलीमा जिल्ला शिक्षा अधिकारी, शाखा अधिकृत, विद्यालय निरीक्षक, स्रोत व्यक्ति र विद्यालय व्यवस्थापन समिति सबैको सुपरिवेक्षक सम्बन्धी काम कर्तव्य अधिकार तोकेर मात्र शिक्षा विकास सम्भव देखिदैन । सम्बन्धित पदाधिकारीलले कार्यान्वयन पक्षमा कति सवल छन् ? उनीहरुको सवलतामा निर्भर हुन्छ । ऐन नियमका कुराहरु कागजमा मात्र सिमित गराएर खोजेको उपलब्धि सकिँदैन ।

### ४.१.३ विद्यालय र सुपरिवेक्षकको अनुपात

शिक्षा ऐन तथा नियमावली अनुसार सुपरिवेक्षक र विद्यालय अनुपात १:१५ र १:२० हुनुपर्ने हुन्छ तर यस अध्ययनको क्रममा केलाउँदा सुपरिवेक्षक र विद्यालयको अनुपात १:२९ रहेको पाइयो । यो आवस्था भने शिक्षा नियमावली अनुसार मिलेको देखिनुको साथै अव्यवहारिक पनि छ । विद्यालयको अनुपातमा सुपरिवेक्षक व्यवस्था भएमा शिक्षकहरुलाई पेशागत सीप सम्बन्धी तालीम दिइ दक्ष बनाउन सकिन्छ । नियमित

सुपरिवेक्षण गर्नको लागि सुपरिवेक्षक र विद्यालय अनुपात अवस्थामा मात्र संभव हुन सक्छ । सुपरिवेक्षक नियमित सुपरिवेक्षण गर्नको लागि योजना निर्माण कक्षा अवलोकन, शिक्षण सिकाई प्रक्रियालाई विश्लेषण आदी सीप हुनु आवश्यक हुन्छ । विद्यालय शिक्षक अभिभावक तथा विद्यार्थी बीच त्रिकोणात्मक सम्बन्ध हुन्छ । मानवीय सम्बनधको विकास नभई विद्यालयको गुणात्मक विकास हुन सक्दैन ।

विद्यालय र सुपरिवेक्षक अनुपात नमिलेको खण्डमा मोरीस एल.कोगनको उपचरात्मक सुपरिवेक्षण गर्ने सहजता आउँदैन । सुपरिवेक्षणले चाहे जति समय पाउँदैन । उपचारात्मकलाई सुपरिवेक्षण सिद्धान्तमा विद्यालयहरु शिक्षकहरु लाई प्रयाप्त समय नदिइकन अपेक्षित उपलब्धी हासिल गर्न गाह्रो हुन्छ ।

अध्ययनमा दक्ष जनशक्तिको अपुग देखियो, भएका सुपरिवेक्षकहरु पनि सुपरिवेक्षण कार्यमा भन्दा प्रशासनिक कार्यमा बढी समय दिइएको पाइयो । विद्यालय र सुपरिवेक्षक अनुपातिक रुपमा मिलेको पाइएन । यसकारण अपेक्षा अनुसारको उपलब्धी हुन नसक्नु स्वाभाविक नै देखिन्छ । विद्यालय शिक्षक र सुपरिवेक्षकबीचको त्रिकोणात्मक सम्बन्ध अनुपातिक कारणले पाइएन मानवीय सम्बन्धको स्थापना नभइकन अपेक्षित उपलब्धी कल्पना गर्ने आवस्था पाइएन । शिक्षकको पेशागत ज्ञान सीप प्रशिक्षणको अभावमा प्रयोग भएकाले उपलब्धी पाउने संकेत देखिएन ।

## ४.२ सुपरिवेक्षण कार्यले शिक्षण सिकाईमा पारेको प्रभाव

सुपरिवेक्षण कार्यको प्रमुख उद्देश्य शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउने हुनुपर्दछ । विद्यालय व्यवसथापन समिति र शिक्षक दुबैको सहमति र सल्लाह अनुसार गरिएको कक्षा अवलोकन निकै प्रभावकारी मानिन्छ । विद्यालय व्यवसथापन समिति ले कक्षा अवलोकन गर्न जानपूर्व गरिएको पूर्व तयारीलाई वास्तविकताको आधारमा सुक्ष्म अवलोकन गरी शिक्षण सिकाई र शैक्षणिक व्यवहारमा सुधार गर्न आवश्यक र उपयुक्त पेशागत प्राविधिक सल्लाह र सुझाव दिइन्छ । शिक्षको व्यवहार विद्यार्थीको व्यवहार र कक्षा कोठामा घटन सक्ने अरु घटना बारे तथ्याङ्कको आधारमा सकारात्मक र कमजोरी

पक्ष बारे विचार विमर्श गरी सुझाव र सल्लाह दिइन्छ । यति मात्र होइन विद्यालय व्यबस्थापन समितिद्वारा गरिने सुपरिवेक्षण निरन्तर भयो भने धेरै कुरामा सुधार हुन सक्छ ।

### ४.२.१ शिक्षक तथा विद्यार्थीको उपस्थिति

शिक्षण सिकाईलाई प्रभावकारी  बनाउनको लागि शिक्षक र विद्यार्थी विद्यालयमा निरन्तर उपस्थिति हुनु आवश्यक हुन्छ । शिक्षक उपस्थितिले शिक्षक आफ्नो कर्तव्य प्रति निष्ठावान रहेको देखिन्छ भने विद्यार्थीको उपस्थितिले पठन पाठनमा हुने लगनशीलतालाई स्पष्ट पार्दछ । तसर्थ शिक्षक तथा विद्यार्थीको उपस्थिति शिक्षण सिकाईको महत्वपूर्ण आधार हो ।

शिक्षक तथा विद्यार्थीको उपस्थिति सम्बन्धमा यस क्षेत्रका छनौट गरिएका विद्यालय सारस्वरनाथ उच्च माध्यमिक विद्यालय सारस्वरमा शिक्षक र विद्यार्थीको उपस्थिति राम्रै रहेको बुझिन्छ । त्यस्तै जनता उच्च माध्यमिक विद्यालय भलुवाहीमा शिक्षक र विद्यार्थीको उपस्थिति राम्रो रहेको छ । माध्यमिक विद्यालय चन्द्र उच्च माध्यमिक विद्यालय सिरहामा शिक्षकको उपस्थिति उच्च छ भने विद्यार्थी उपस्थिति ठीकै रहेको छ । ब्र.भ्क.ज जनता उच्च माध्यमिक विद्यालय माडरमा शिक्षकको उपस्थिति उच्च रहेको छ भने विद्यार्थीको उपस्थिति ठीकै देखिन्छ ।
शहरीक्षेत्रका विद्यालयहरुमा शिक्षक र विद्यार्थीको उपस्थिति राम्रै देखिन्छ भने ग्रामिण क्षेत्रको विद्यालयमा अलि घटेको देखिन्छ । निरन्तर सुपरिवेक्षण भइरहेको अवस्थामा र शिक्षक र विद्यार्थीको उपस्थिति सन्तोष जनक हुन्छ भने सुपरिवेक्षण कार्य कम भयो भने शिक्षक विद्यार्थी उपस्थिति घटेको देखिन्छ ।

### ४.२.२ एस.एल.सी. परीक्षाको परीणाम

बिद्यालय ब्यबस्थापन समितिबाट गरिने सुपरिवेक्षण कार्यले के कति विद्यालयमा शिक्षण सिकाईमा प्रभाव पारेको छ ? उक्त विद्यालयको विगत तीन वर्षको एस.एल.सी. परीणामलाई तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

**तालिका ३ : ग्रामिण क्षेत्रको विद्यालयको एस.एल.सी परीणाम**

| उच्च मावि सारस्वर | | | उ.मा.वि. भलुवाही | | |
|---|---|---|---|---|---|
| परीक्षा भएको साल | सहभागि विद्यार्थी संख्या | उत्तीण संख्या | परीक्षा भएको साल | सहभागि विद्यार्थी संख्या | उत्तीण संख्या |
| २०६७ | ७० | ३५ | २०६७ | ८६ | ५७ |
| २०६८ | ८७ | ७ | २०६८ | ७३ | ७ |
| २०६९ | ८९ | ६ | २०६९ | ९८ | १७ |

(स्रोत : स्थलगत अध्ययन, २०७०)

ग्रामीण क्षेत्रमा पनि क्षेत्रका साक्षर दर बढेको पाइन्छ भने कतिपय ठाउँमा साह्रै न्यून पाइन्छ । जहाँको साक्षरता दर बढी छ त्यहाँका अभिभावकहरु आफ्ना बालबालिकाप्रति सजग देखिन्छ भने साक्षरता दर कम भएको ग्रामिण क्षेत्रमा अभिभावकहरु आफ्नो बालबालिकाप्रति त्यति सजग देखिदैन । माथि उल्लेखित विद्यालयहरु दुबै ग्रामीण क्षेत्रकै विद्यालय भएपनि दुबै क्षेत्रका शैक्षिक वातावरण फरक फरक भएको हुनाले परिणाम पनि फरक फरक प्राप्त भएको हुन सक्छ ।

**तालिका ४ : शहरीक्षेत्रको विद्यालयको एस.एल.सी परीणाम**

| चन्द्र उ.मा.वि. सिरहा | | | ब्र.फ्र.ज.उ.मा.वि. माडर | | |
|---|---|---|---|---|---|
| परीक्षा भएको साल | सहभागि विद्यार्थी संख्या | उत्तीण संख्या | परीक्षा भएको साल | सहभागि विद्यार्थी संख्या | उत्तीण संख्या |
| २०६७ | १३७ | ८५ | २०६७ | ९० | ३२ |
| २०६८ | १४२ | २७ | २०६८ | ८१ | १३ |
| २०६९ | १५६ | ३५ | २०६९ | १०४ | १४ |

(श्रोत : स्थलगत अध्ययन २०७०)

ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा शैक्षिक वातावरण धेरै नै फरक र विकसित भएको पाइन्छ । शहरी क्षेत्रमा भौतिक साधनहरुको उपलब्धता पनि ग्रामीण क्षेत्र भन्दा बढी नै हुन्छ । शहरी क्षेत्रमा विद्यार्थीको इच्छा अनुसारको अध्ययन अध्यापन कार्य गर्न सक्दछ भने ग्रामिण क्षेत्रमा चाहेर पनि गर्न सक्ने बातावरण हुँदैन । अभिभावकहरु पनि आफ्ना सन्तानहरुको शिक्षा दिक्षा प्रति सम्वेदनशील बढी हुन्छन् । ग्रमिण क्षेत्रभन्दा साक्षरता दर पनि अधिक नै हुन्छ । यी सबै कारणहरुले गर्दा ग्रामिण क्षेत्रको भन्दा शहरी क्षेत्रको एस.एल.सी. परीणाम राम्रो आउनु स्वभाविक हुन जान्छ ।

### ४.२.३ अभिभावक र शिक्षक सहभागिता

विद्यालयमा विभिन्न पक्षहरुको अवलोकन र अध्ययन गरी त्यसता आवश्यक सुधार ल्याउनु गुणस्तरीय शिक्षा प्रदान गर्नु सम्पूर्ण शैक्षिक कार्यक्रमको विकास गर्नु, शिक्षकको साथै अभिभावकको सहभागिता पनि आवश्यक छ यो कार्य पनि सुपरिवेक्षणको एउटा पाटोको रुपमा लिन सकिन्छ । आभिभावकले आफ्नो छोरा छोरीलाई विद्यालय पठाएर आफ्नो  दायित्व पूरा भएको बुझ्ने अभिभावकको कमजोरी भन्न सकिन्छ । विद्यार्थीलाई विद्यालयमा पठाएर पछि केही अभिभावक शिक्षक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापकले निर्वाह गर्ने गरेको भूमिका तथा सम्पूर्ण शैक्षिक गतिविधि नियालिरहेको हुन्छ । उसले विद्यालयमा गई विद्यालयमा भइरहेको गतिविधिहरुको बारेमा जानकारी प्राप्त गर्दछन् । विद्यालय अभिभावकको सहभागिता कमजोर भएको कारणले विद्यालय सुपरिवेक्षणमा उल्लेखनीय प्रगती हासिल गर्न सकिरहेको हुँदैन ।

विद्यालय सुपरिवेक्षणमा सरोकारवालाहरु मौन बसिन्दाले विद्यालयमा शैक्षिक गतिविधीको साथै शिक्षण सिकाई प्रभावकारी भइरहेको हुँदैन । यसकारण श्रोत व्यक्तिले  शिक्षकहरुको साथै अभिभावकहरुलाई सहभागिता देखाउन प्रेरित गराउनु पर्ने देखिन्छ । शिक्षक र अभिभावकको साथै अभिभावकहरुलाई सहभागिता देखाउन प्रेरित गराउनु पर्ने देखिन्छ । शिक्षक र अभिभावकको सहभागिता बढेपछि विद्यालयमा शिक्षण सिकाई प्रभावकारी आफै हुन जान्छ । विद्यालय ब्यबस्थापन समितिले आवश्यक परामर्श शिक्षकको साथै अभिभावकहरुलाई पनि दिनु आवश्यक हुन्छ । अभिभावकहरुले आफ्नो बालबालिकाको

भविष्यप्रति सजग रहन आवश्यक भएको कुरा विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीले सल्लाह दिनु पर्दछ ।

विद्यालयद्वारा संचालित शैक्षिक गति विधीमा के ? कस्ता ? कति ? उपलब्धीहरु हासिल गरेका छन् । कुनकुन पक्षमा कमजोरीहरु रहेको कुरा पहिल्याउनुपर्छ । पता लगाइएका कमजोरीहरु शिक्षक र अभिभावकको बीचमा राखी छलफलमा जोड दिन विद्यालय ब्यबस्थापन समितिको कर्तव्य हो ।

मोरीस एल कोगनका उपचरात्मक निरीक्षणको आवधारणा अनुसार शिक्षक विद्यार्थीको उपस्थिति एस.एल.सी परीणाम अभिभावकको सहभागिता विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीबाट गरिने सुपरिवेक्षण कार्यले शिक्षण सिकाईमा पारेको प्रभाव महत्वपूर्ण पक्षको रुपमा लिन सकिन्छ । नियमित सुपरिवेक्षण गर्दा शिक्षण सिकाई प्रभावकारी हुनु स्वभाविक नै हुन जान्छ । उपचरात्मक निरीक्षण अवधारण अनुसार आठचरणहरु विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीले पटक पटक दोऱ्हयाई रहनु पर्दछ । पुर्नयोजना बनाई पटक पटक सुपरिवेक्षण गर्नुपर्दछ ।

विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीको सुपरिवेक्षण कार्यले अधिक से अधिक शिक्षण सिकाई कार्यक्रम प्रभावकारी भएको पाइयो । तर समस्या तथा कमजोरीको रुपमा पनि कुराहरु पनि पाइएको देखिन्छ । शिक्षक र विद्यार्थीको उपस्थिति सकारात्मक भए पनि राजनैतिक कारणले केही समस्या भएको पनि पाइयो । एस.एल.सी. परीक्षाको परीणाम धेरै जसो राम्रै गरेको पाइयो भने कतिपय विद्यालयमा सुधार गर्नुपर्ने नै देखियो । विद्यालयमा अभिभावकको सहभागिता कमजोर भएको पाइयो । शिक्षकको सहभागितामा विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीले जोड दिनुपर्ने पाइयो । विभिन्न पक्षको प्रतिक्रिया लिदाँ मिश्रित हुनुका साथै अपेक्षा बढी राखेको पाइयो ।

### ४.३ विद्यालय व्यव्स्थापन समितिबाट गरिने सुपरिवेक्षणमा समस्याहरु

शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन शिक्षालाई गुणास्तरीयता प्रदान गर्नु शिक्षा क्षेत्रका सम्पूर्ण समस्याहरुलाई समयमा नै पहिचान गर्नु पर्दछ । समस्या

समाधानका उपायहरु पहिल्याउनु पर्दछ । समस्याहरु पहिल्याउन विभिन्न  तथ्याङ्कहरुको विश्लेषण गर्नुपर्ने देखिन्छ । विद्यार्थी तथा शिक्षकहरुलाई नियमितत गराउन शिक्षामा भएका लगानीको सदुपयोग गराउन शैक्षिक सुपरिवेक्षण सम्बन्धमा सरोकारवालाहरुको मतलाई संकलन गरी प्राप्त हुन आएका महत्वपूर्ण समस्याहरुको विश्लेषण गर्नु पर्दछ । विश्लेषणबाट प्राप्त निष्कर्षहरुलाई लिपिबद्ध गरी योजना बनाई समाधान गर्दै जानु पर्दछ ।

कक्षाकोठा सुपरिवेक्षणको अभिभारा प्र.अ., विद्यालय व्यवस्थापन समिति तथा विद्यालय निरीक्षक/श्रोतव्यक्ति कसैबाट पनि जिम्मेवारी वहन नभइरहेको पाइयो । सम्बन्धीत पक्षबाट सुपरिवेक्षणको योजना पनि बनाउन नसकेको आवस्था छ । बढ्दो राजनैतिक प्रभावले निरीक्षण व्यवस्था फितलो हुन पुगेको पाइएको छ । स्थनीय तहमा विभिन्न निकायहरुबाट गरिएको निरीक्षण कार्यक्रम कार्यान्वयन गरी पृष्ठपोषण र अगाम्री कार्यक्रम सुधार गर्ने कार्य गर्ने प्रवृति नरहेको पाइयो । विद्यालय र सुपरिवेक्षकको अनुपात समस्याको रुपमा देखियो योजनाबद्ध सुपरिवेक्षक सुपरिवेक्षण नितिको कमी रहेको पाइयो । सुपरिवेक्षक (श्रोतशिक्षक र विद्यालय निरीक्षक)हरु प्रशासनिक कर्मचारीको रुपमा आफूलाई प्रस्तुत गरेको पाइयो भने बिद्यालय ब्यबस्थापन समिति मालिकको रुपमा पाइयो । शिक्षकको असल मित्र साथीको रुपमा प्रस्तुतीकारणको अभाव देखियो । विद्यालयमा विषयगत शिक्षकको समस्या देखियो । खेताला शिक्षकको भर्ना एउटा समस्याको रुपमा देखिन्छ । त्यस्तै शिक्षकको अनुपस्थिति र लापरवाही, योग्यता क्षमताको अभाव उचित श्रोतसाधन र सुविधा नहुनुको साथै नितीगत समस्या पनि रहेको छ । सुपरिवेक्षण कार्यमा धेरै समस्याहरु देखिन्छ । ती समस्याहरु मध्ये केही समस्याहरुको मात्र तल चर्चा गरिएको छ ।

### ४.३.१ शिक्षकको उपस्थिति दर

बिद्यालय ब्यबस्थापन समितिद्वारा गरिने सुपरिवेक्षणमा समस्याको रुपमा शिक्षक अनुपस्थिति र उनीहरुको लापरही पनि एक हो । शिक्षकको काम सरल भाषामा भन्ने हो भने विद्यालयमा गएर विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्नु हो । तर आज बढ्दो

राजनिति परिवेशमा कतिपय शिक्षकले आफ्नो शिक्षा प्रदान गर्ने पेशाप्रति उदासिन देखिन्छ । विद्यालयमा शिक्षक नगई विभिन्न राजनितिक दलहरुमा लागि विद्यालय जान छाडेको र विद्यालय गएपनि गफ गरेर समय विताउने गरेको छ । शिक्षकको तलब पनि थोरै भएको कारणले गर्दा कतिपय शिक्षकहरु मुख्य पेशा अर्को र सहायक पेशा शिक्षणलाई अंगालेको पनि पाइयो । बिद्यालय ब्यबस्थापन समिति विद्यालयमा सुपरिवेक्षण गर्न गएको बेला कतिपय शिक्षक आफ्नो जिम्मेवारी छोडी अनुपस्थित रही लापरवाही गरेको पाइयो । यस्तो बेलामा बिद्यालय ब्यबस्थापन समितिले आफ्नो सुपरीवेक्षण दायित्व पुरा गर्न सकेको छैन । बिद्यालय ब्यबस्थापन समितिलाई सजाय गर्ने कुनै ठोस आधार पनि हुदैन । केही गर्न खोज्दा पनि विभिन्न समस्याको सामना गर्नुपर्ने हुन्छ ।

शिक्षक अनुपस्थिति र लापरवाही शहरी क्षेत्रको विद्यालय भन्दा गाउँको विद्यालयमा बढी हुने गरेको कुरा श्रोतव्यक्तिहरुले बताउँछन् । शहरी क्षेत्रको विद्यालयमा पनि लापरवाही नभएको होइन तर तुलनात्मक रुपमा अलि कम मात्र हुन्छ । यस्ता अनुपस्थित लापरवाही शिक्षाको संख्या कमै मात्र भएको बिद्यालय ब्यबस्थापन समितिका पदाधिकारीहरुले स्वीकार गर्दछ ।

कतिपय प्रधानाध्यापकहरु विद्यालयमा रुटीन बनाउँदा आफ्नो नाममा घण्टी राख्दैनन् । पढाउने बेला प्रशासनिक कामको बहानाले हो, आफू प्रधानाध्यापक भएको घमण्डले कक्षामा पढाउने जाने नगरेको पनि पाइयो । प्रधानाध्यापक पनि प्रशासक नभई एउटा शिक्षक पनि हो प्र.अ.को जिम्मेवारी मात्र वहन गर्नु पर्दछ भनी बोधको कमी देखीयो ।

### ४.३.२ विषयगत शिक्षकको अवस्था

शिक्षण सिकाई प्रभावकारी बनाउन विद्यार्थीको सर्वाङ्गिण विकास हुनु जरुरी छ । विषयगत शिक्षकले पाठयक्रममा निर्धारित सिकाई उपलब्धी हासिल गराउनको लागि अध्ययन गराउँछन् । बालबालिकाको चौतर्फी विकासको लागि उमेर तह अनुसारको विषय निर्धारण गरिएको हुन्छ । विद्यालयहरुमा विषयगत शिक्षकको कमी रहेको

देखियो । जस अनुसार जनता उच्च मावि भलुवाहीमा माध्यमिक तहमा अंग्रजी, गणित, नेपाली विज्ञान, र लेखाको शिक्षक उपलब्ध छन् भने सामाजिक, जनसंख्या विषयको शिक्षक उपलब्ध भएको देखिदैन । त्यस्तै नि.मा.वि.तहमा सामाजिक र जनसंख्याको विषयगत शिक्षक मात्रै देखिन्छ । प्रा.वि.मा विषयगत शिक्षकको खासै समस्या देखिदैन ।

सारस्वरनाथ उ. माविमा माध्यमिक तहमा सम्पूर्ण विषयको विषयगत शिक्षक छन् भने नि.मा.वि. तहमा अंग्रेजी गणित विज्ञान सामाजिकको विषयगत शिक्षक मात्रै छन अरु विषयको शिक्षक अवस्था समस्याग्रस्त नै छन् । चन्द्र उमावि सिरहामा माध्यमिक तहमा नेपाली, अंग्रजी, गणित, सामाजिक, जनसंख्या र लेखाको शिक्षक मात्र उपलब्ध देखिन्छ । भने नि.मा.वि. तहमा नेपाली, गणित, विज्ञान र सामाजिकको विषयगत शिक्षक उपलब्ध भएको देखिन्छ । ब्र.भ्ग.ज. उमावि माडरमा माध्यमिक तहमा नि.मा.वि. तह र प्रा.वि. तहमा सम्पूर्ण विषयगत शिक्षक रहेको देखिन्छ ।

शहरी क्षेत्र र ग्रामीण क्षेत्रको विद्यालय भए पनि विषयगत शिक्षकको अभाव दुवै तिर देखिन्छ । ज.उ.मा.वि. भलुवाहीमा सारस्वरनाथ उमाविभन्दा समग्रमा हेर्दा विषयगत शिक्षकको अभाव देखिन्छ । तर चउमावि सिरहामा विषयगत शिक्षक भएपनि विद्यार्थी संख्या धेरै भएकोले हरेक कक्षामा सेक्सन खोल्नु परेको विषयगत शिक्षकको अभाव भई समस्या सृजना भइरहेको कुरा प्र.अ. मकसुदन कर्ण बताउनु हुन्छ ।

### ४.३.३ खेताला शिक्षक

शिक्षक भनेको हामी सबैले सुनेका छौं । तर हिजो आज विभिन्न संचार माध्यमबाट खेताला शिक्षकको बारेमा आवाज उठदै गरेको कुरा पनि न सुनेको होइन । खेताला शिक्षक भनेको वास्तविक शिक्षकको साटोमा भर्ना गरी अध्ययन अध्यापन गराउने शिक्षकलाई खेताला शिक्षक भन्ने गरिन्छ । वास्तविक शिक्षक जो नेपाल सरकारबाट बहाल भई काम नगरी आफ्नो सट्टामा काम गराई रहेको हुन्छ । कतिपय वास्तविक शिक्षक विदेशमा गएको पनि खुलेको छ । खेताला शिक्षक शिक्षक उसको उपस्थित

समेत गरी रहेको हुन्छ । यस्तो खेताला शिक्षकको भर्ना प्र.अ., विद्यालय व्यवस्थापन समिति, जि.शि.का. समेतको मिलोमतोमा हुन्छन ।

खेताला शिक्षकलाई अध्यापन अनुमतिपत्र नियूक्ति योग्यता पनि खासै महत्व हुदैन । एउटा मजदुर जस्तै विद्यालयमा आएर काम गर्दछ । ज्याला पाउँछन् । योग्यता क्षमता नभए पनि तल्लो तहदेखि माथिल्लो तहसम्म अध्यापन गराउने गर्दछ । खेताला शिक्षकको बारेमा श्रोतव्यक्तिलाई समेत थाहा हुन्छन् तर राजनैतिक प्रभावको कारणले मुख खोल्न सकेको हुदैन । यस्ता खेताला शिक्षकको कारणले गर्दा सुपरिवेक्षण कार्यमा समस्यालाई बाधा उत्पन्न भइरहन्छ आजकाल यो एउटा ठुलो समस्याको रुपमा देखा परेका छन् ।

### ४.३.४ विद्यालय ब्यबस्थापन समितिका पदाधिकारीहरुको योग्यता र क्षमता

योग्यता र क्षमताको अभावमा मानिसले कुनै पनि काम कौशलताका साथ गर्न सक्दैन । बिद्यालय ब्यबस्थापन समितिको पदाधिकारीको लागि जुन तहको विद्यालय हो त्यो तह उतिर्ण गरेको अध्यक्ष हुनु पर्ने ब्यबस्था छ । अन्यका लागि केही तोकेको छैन । विद्यालय ब्यबस्थापन समितिको छनौटका लागि कानूनी ब्यबस्था विपरित निम्न प्रक्रियामा भइरहेको देखिन्छ : क) राजनीतिक भागबण्डामा, ख) निर्वाचन प्रक्रियामा, ग) बल पूर्वक अर्थात् बाहुल्यता भएको पक्षले एक पक्षीय रुपमा छनौट गर्ने, घ) प्रधानाध्यापकले आफ्नो पक्षका लाई छनौट गर्न पहल गर्ने ।

शिक्षा सम्बन्धी ज्ञान अध्ययन अध्यापन सीपको अभाव भएको शिक्षक तथा गैर शिक्षकहरु यस क्षेत्रमा प्रवेश गर्नुको कारण शिक्षक र विद्यार्थीलाई सुपरिवेक्षण गरी उचित सर सल्लाह र मार्गदर्शन गर्न नसक्ने हुनाले समस्या भइरहन्छ ।

### ४.३.५ श्रोत, साधन र सुविधाको उपलब्धता

बिद्यालय ब्यबस्थापन समितिले स्थानीय श्रोत जुटाएर विद्यालयको समग्र ब्यबस्थापन गर्ने काम हुन्छ । उनीहरुले निःशुल्क सेवा भावले काम गर्ने छन् । उनीहरुलाई राज्यले तालिम, गोष्ठी, अन्तरक्रियाको ब्यबस्था मिलाइनु पर्दछ । उनीहरुमा

विद्यालयको ब्यबस्थापन र सुपरीवेक्षण गर्ने सीप क्षमताको विकास गरिनु पर्दछ । त्यसका लागि स्रोत साधनको अभाव रहेको देखिन्छ ।

मोरीस एल.कोगनका उपचरात्मक सुपरिवेक्षण अवधारण अनुसार शिक्षक निरीक्षकको सम्बन्ध शिक्षकसँगको योजना, अवलोकन रणनिति शिक्षणकार्यको अवलोकन समेलन योजना पुर्नयोजना जस्ता कार्य संचालन गर्न । माथि दिएको समस्याहरुको कारणले गर्दा मिश्रित रुपमा मेल खान्छ । समस्याहरु जटिल देखिन्छ तर कोगनका अवधारण भएको ठाउँमा मात्रै मल खाने देखिन्छ ।

बिद्यालय ब्यबस्थापन समितिबाट गरिने सुपरिवेक्षण कार्यमा हुने समस्याको रुपमा विभिन्न समस्याहरु पाइयो । शिक्षक अनुपस्थिति र लापरवाही विषयगत शिक्षकको अभाव रहेको पाइयो । नयाँ समस्याको रुपमा खेताला शिक्षक भर्ना गम्भीर र संवेद्धनशील समस्याको रुपमा पाइयो । बिद्यालय ब्यबस्थापन समितिको योग्यता क्षमता त्यति मिलेको पाइएन भने उचित श्रोतसाधन र सुविधाको अभाव नै पाइयो ।

### ४.४ विद्यालय व्यवस्थापन समितिबाट गरिने सुपरिवेक्षणका समस्या समाधानका उपायहहरु

विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीबाट गरिने सुपरिवेक्षण कार्यमा समस्याको रुपमा पहिचान भएका मध्ये केही समस्याहरुको बारेमा यहाँ चर्चा गरिएको छ । समस्याहरु धेरै भएपनि केही महत्वपूर्ण समस्याहरुको उठान गर्नु आवश्यक रहेको छ । धेरै जसो समस्याहरु उठदै गरेपनि सम्बन्धीत निकायबाट समाधानार्थ पहलको अभाव महसुस गरी पुन उठ्दै आएको छ ।

शिक्षक अनुपस्थिति र लापरबाही, विषयगत शिक्षकको अवस्था, खेताला शिक्षकको भर्ना, योग्यता र क्षमताको अभाव, उचित श्रोत साधन र सुबिधा नहुनु जस्ता समस्या उठान गरेको छु । जब सम्म यस्ता समस्याहरुको समाधान समयमा गर्न सकिदैन तब सम्म शिक्षण सिकाई प्रक्रिया प्रभावकारी हुन सम्भव छैन ।

### ४.४.१ शिक्षक उपस्थितिमा नियमितता

शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन मेरुदण्डको रुपमा रहेको शिक्षाको विकास गर्न देश विकासका शिक्षाको अहम भूमिका हुन्छ। आजको बालबालिका नै भोलिको देशका कर्णधार हुन।

बालबालिकाको भविष्य उज्वल पार्नको लागि शिक्षाको अहम भूमिका हुन्छ। विद्यालयमा शिक्षक नै नभएको अवस्थामा विद्यार्थीलाई शिक्षा प्रदान गर्ने काम कसले गर्ने। अतिरिक्त क्रियाकलाप कसले गराई दिने ? भन्ने जस्ता प्रश्नहरु उत्पन्न हुनु स्वभाविक नै हुन्छ। गुणास्तरीय शिक्षा प्रदान तब गरिन्छ जुनबेला शिक्षक विद्यालयमा हुन्छन। यदि विद्यालयको ठुलो राम्रो भवन छ, शैक्षिक सामाग्री पनि प्रर्याप्त छ, खेल मैदान पनि ठुलै छ तर विद्यालयमा शिक्षक नै छैन भने त्यो विद्यालय र विद्यार्थीको भविष्य कस्तो होला भने हामी कल्पना गर्न सक्छौ।

विद्यालयमा शिक्षक अनुपस्थित हुनु, लापरवाही हुनु, आफ्नो कर्तव्य प्रति जिम्मेवार नहुनुका लागि कारणहरु धेरै हुन सक्दछ। शिक्षक विद्यालयको लागि, विद्यार्थीको अध्यापनको कार्यको लागि बहाल भएको हुन्छ। तर शिक्षक नियमित विद्यालयमा उपस्थिति हुँदैनन्। शिक्षक विद्यालय बाहेक अन्य काममा लागि आफ्ना दायित्व प्रति उदासिन भएको अवस्थाप्रति सम्बन्धीत निकाय, अभिभावक संबेदनशील हुन आवश्यक छ।

शिक्षकको विद्यालयमा उपस्थितिका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुलाई उत्साहित प्रोत्साहित गर्नु पर्दछ। कर्तव्यनिष्ठ शिक्षक र काम नगर्ने शिक्षकलाई मूल्याङ्कन गर्नु पर्दछ। एउटा कर्तव्यनिष्ठ शिक्षकलाई बेला मौकापारी पुरस्कृत गर्नु पर्दछ। विद्यालयबाट प्रदान गरिने सुविधामा वृद्धि गर्नु पर्दछ। जि.शि.का., शिक्षा मन्त्रालयबाट पाउने पुरस्कारहरुमा सिफारिस गरि दिनु पर्दछ। तर जुन शिक्षक जे जति सुविधा वा पुरस्कारको प्रवाह नगरी विद्यालयमा अनुपस्थित र लापरवाही गर्दछ भने त्यस्ता शिक्षकहरु प्रति कठोर हुनुपर्दछ। विद्यालय व्यवस्थापन समिति, प्र.अ. वा सम्बन्धित निकायबाट चेतावनी दिनुपर्दछ। चेतावनी पछि पनि अनुपस्थित र

लापरवाही गऱ्यो भने कारवाही गर्न पनि पछि हटनु हुदैन । यसको लागि शिक्षा नियमावलीमा कर्तव्य र अधिकार तोकेर नै व्यवस्था छ ।

### ४.४.२ विषयगत शिक्षकको भर्ना

विषयगत शिक्षक विनाको विद्यालयमा विद्यार्थीको शिक्षण सिकाई प्रक्रिया अधुरो रहन्छ । विषयगत शिक्षकको अभाव महत्वपूर्ण समस्याको रुपमा देखा परेको छ । यस समस्याको समाधान गर्नु आवश्यक छ । विषयगत शिक्षकको अभावमा दक्ष जनशक्ति अत्पादन हुन सक्देन । गुणास्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकको भूमिका अपरिहार्य छ । विद्यार्थीको रुचि अनुसारको विषय क्षेत्र छान्न अध्ययनमा ठुलो महत्व छ । बालबालिकाहरुले सानै उमेर देखि आ-आफ्नो रुची कुनै न कुनै विषयमा बढी से बढी देखाइरहेको हुन्छ । उमेर तह बढदै जाँदा बालबालिकाहरु सानै उमेर देखि डाक्टर, इन्जीनियर, पाइलट, शिक्षक, नेता र व्यापारी जस्ता पेशा प्रति आकर्षित भई आफूले रोजे अनुसारको शिक्षा आर्जन गर्न चाहन्छन । एउटै क्षेत्र रोज्न नसक्ने उनीहरुको अवस्था रहन्छ । यसकारण विषयगत शिक्षकको महत्व झन बढेर जान्छ ।

बालबालिकाले रोजे अनुसारको शिक्षा पाउनु उसको मौलिक अधिकार हुन्छ । राज्यको पनि विभिन्न क्षेत्रको शिक्षा प्राप्त गरेको दक्ष जनशक्तिको आवश्यकता रहेको हुन्छ । सो आवश्यकता परिपूर्तिको लागि पनि विषयगत शिक्षकको महत्व बढ्दछ । आजको युगमा भने प्रतिस्पर्धाको युग हो भौतिकवादी युग हुन गएको छ । यस्तो अवस्थामा साधारण शिक्षा प्राप्त गरेको जनशक्तिले प्रतिस्पर्धा गर्न सक्ने अवस्था देखिदैन । जिल्लागत रुपमा विषयगत शिक्षकको माग भई आएका विषयगत शिक्षकको दरबन्दी राज्यले सृजना गर्नुपर्दछ । विद्यालयहरुलाई समाजको माग अनुसार साधारण र व्यवसायिक विषय अनुसारको दक्ष जनशक्तिलाई स्वस्थ्य प्रतिस्पर्धा गराई नियूक्तिको व्यवस्था शिक्षक सेवा आयोग मार्फत मिलाउनु पर्दछ । शिक्षक दरबन्दीलाई हालको वर्गीकरण प्रक्रियालाई भङ्ग गरी एक किसिमको दरबन्दी कायम गर्न आवश्यक छ ।

शिक्षक भर्ना प्रक्रियाले गर्दा पनि सुपरिवेक्षण कार्यलाई बाधा पुऱ्याई रहेको हुन्छ । विषयगत शिक्षक विद्यालयमा नहुँदा ठुलो समस्या भइरहेको हुन्छ । नेपाली पढाउने शिक्षकले गणित पढाउनु पर्ने वाध्यता हुन्छ । यस्तो समस्याको समाधान विषयगत शिक्षक भर्ना गरेर नै हुने हो । अनि मात्र सुपरिवेक्षण कार्यमा सहयोग पुग्ने देखिन्छ ।

जिल्लामा भएको दरबन्दी पनि राजनीतिक तथा शिक्षक संघ, संगठन, मञ्च, परिषदको दबाबमा विद्यालयहरुमा शिक्षक दरबन्दी हुन नसकिरहेको अबस्था छ । जसले गर्दा कुनै विद्यालयमा गणितकै चार जना शिक्षक छ भने कुनै विद्यालयमा नेपाली विषयको ४ जनासम्म शिक्षक हुनु र अंग्रजी, विज्ञान जस्तो विषयको शिक्षक नहुनुले पनि शैक्षिक गुणस्तरीयतामा प्रश्न लाग्नु स्वभाविक हो । गत बर्ष सिरहामा जिल्ला शिक्षा अधिकारी *हरिप्रसाद वस्ती* ले शिक्षक दरबन्दी मिलान गरेपनि अनुचित लाभ लिएर प्रधानाध्यापक बनाउन र राजनीतिक भागबण्डामा पहुच भएका शिक्षकहरुलाई घर पायक पार्ने काम मात्रै भयो । त्यसैले जिल्लामा भएको शिक्षकको दरबन्दी पनि मिलान गर्न केन्द्रिय तहदेखि कडाइ गर्नु पर्ने आवश्यक्ता छ । तत्काल विद्यालयमा रिक्त रहेको दरबन्दीमा विद्यालय ब्यबस्थापन समितिले अस्थायी बिषयगत शिक्षक भर्ना गर्दा आफ्नो नातागोता तथा मोटो रकम लिएर भर्ना गर्ने पूरानै चलनले पनि कक्षाकोठा सुपरिवेक्षणमा समस्या देखिएको छ ।

### ४.४.३. तालीम र गोष्ठी सञ्चालन

विद्यालय ब्यबस्थापन समितिको अध्यक्ष हुन जुन स्तरको विद्यालय हो त्यति कक्षा उतिर्ण हुनु पर्ने योग्यता तोकेको छ भने अन्य पदाधिकारीको योग्यतासमेत तोकेको छैन । विद्यालय ब्यबस्थापन समितिको पदाधिकारी छनौटमा राजनितिक भागबण्डा तथा निर्वाचन प्रक्रियामा निरक्षर तथा शिक्षा नै नबुझ्केका ब्यक्तिहरु विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीमा छनौट हुनु अर्को ठूलो रोग हो । यसका लागि राज्यले अर्थात् निति निर्माण तहमा बसेका ब्यक्तिहरुले यसतर्फ ध्ययान पुर्याउनु अति आवश्यक छ । किनकि यीलगायतको कारण राज्यको शिक्षामा लगानी बालुवामा पानी जस्तै भएको छ । विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीको

योग्यतामा राज्यले पहिले शिक्षा क्षेत्रबाट अनि अन्य सरकारी सेवाबाट अवकाश प्राप्त ब्यक्तिलाई अवकाश प्राप्त पदीय तहको प्राथमिकता क्रम तोक्नु आवश्यक देखिएको छ । उनीहरुलाई विद्यालय ब्यबस्थापन र विद्यालयको शैक्षिक गतिविधि सञ्चालन गरि गुणस्तरीयता कायम गर्ने उद्देश्यले विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीलाई तालिम दिनुका साथै गोष्ठी, अन्तरक्रिया, भ्रमण, अवलोकनमा जोड दिनु आवश्यक छ । जसको कमी देखिएको छ । विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीहरुले ज्ञान, सीप, क्षमताको अभावले गर्दा शिक्षकहरुलाई उचित मार्गदर्शन सरसल्लाह दिन नसकिरहेको  अबस्था छ ।

विद्यालयहरु प्रा.वि. नि.मा.वि. मा.वि. बाट आज स्तर उन्नति भई क्रमश प्रा.वि. नि.मा.वि. र मा.वि.हरु उच्च मा.वि.मा स्तरोन्तीत गरिसकेको छ । शिक्षकहरु पनि एस.एल.सी गरेकाहरु प्रविणता प्रमाण पत्र तह, प्रविणता प्रमाण पत्र तहकाले स्नातक र स्नातक गर्नेहरु स्नात्कोत्तर गरी सकेकाहरुलाई कम शिक्षा हासिल गरेका अज्ञानी विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीहरुले केही सल्लाह सुझाव दिन नसक्ने अबस्था छ ।

तसर्थ आजको आवश्यकता अनुसारको योग्यता, क्षमता भएका व्यक्तिहरुलाई विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीमा छनौट गर्नु पर्दछ । आवश्यकता अनुसारको तालिम गोष्ठी गराई योग्यता क्षमताको विकास विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीहरुलाई गराउनु पर्दछ । खरिएका माझिएका योग्य दक्ष ब्यक्तिले मौका पाउनु पर्दछ ।

### ४.४.४. श्रोत, साधन र सुविधाको उपयोग

विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीले विद्यालयको समग्र ब्यबस्थापनका साथै विद्यालयको शैक्षिक गुणस्तरीयता ल्याउन सुपरिवेक्षण तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाउन श्रोतसाधनको उपयोगितामा जोड दिनु पर्दछ । यसका लागि स्थानीय स्तरबाट गरि सक्ने कार्यका लागि स्थानीय स्रोतको उपयोग गर्नुका साथै राज्यले दिने सेवा सुबिधा विद्यालयसम्म ल्याउन समेत सचेत र सक्रिय रुपमा पहल

गर्नु पर्ने देखिन्छ । दुषित राजनैतिक ब्यबस्थाले राज्यले प्रदान गर्ने सेवा सुबिधाहरु जिल्ला शिक्षा कार्यालयले आवश्यक्ता देखिएको विद्यालयलाई प्राथमिकतामा नराखी राजनितिक दबाबमा निर्णय गर्न बाध्य भइरहेको अबस्थालाई चिर्नु विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीहरुको चुनौती थपिएको छ । विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीले स्थानीय स्रोत साधन पनि जुटाउन नसकिरहेको अबस्था आउनुमा पनि राजनितिक रुपमा विद्यालय ब्यबस्थापन समितिको छनौट हो । त्यसैले विद्यालयको शैक्षिक गुणस्तरीयता कायम गर्न राजनितिबाट टाढा रहेर सामाजिक तथा राष्ट्रिय हितलाई केन्द्रमा राखि स्थानीय स्रोतको उपयोग गर्नुको साथै जिल्ला शिक्षा कार्यालयले जिल्लाका विद्यालयहरुमा आवश्यक्ताको आधारमा सेवा सुबिधा दिनु पर्ने ब्यबस्था कायम गर्न विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीहरुको सक्रियता आवश्यक छ ।

कोगनका उपचरात्मक निरीक्षणको अवधारण अनुसार एउटा सुपरिवेक्षकको समस्या सामाधान नभए सुपरिवेक्षक मानसिक रुपले आफ्नो कर्तव्य प्रति उदासिन हुन सक्छ । सुपरिवेक्षकलाई काम गर्ने बातावरण प्राप्त भएपछि सुपरिवेक्षण कार्य प्रभावकारी ढङ्गले गर्न सक्छ । यस अध्ययनमा शिक्षकको उपस्थितिलाई प्रोत्साहित गर्ने वातावरण तयार गर्ने विषयगत शिक्षक भर्ना गराउने प्रयासको थालनी गर्ने सुझाव दिइएको पाइयो । खेताला शिक्षक जस्तो संम्वोदनशील समस्या समाधान गर्नुपर्ने अवस्था पाइयो । विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीको योग्यता क्षमता वृद्धि गर्ने उपायहरु तथा उनीहरुको उचित श्रोत साधन उपभोग गर्ने वातावरण सृजना गराउने प्रयास गरिएको पाइयो ।

# परिच्छेद पाँच
# निष्कर्ष र सुझाव

## ५.१. निष्कर्ष

यस अध्ययनमा प्राप्त भएको तथ्याङ्कको विश्लेषण तथा सैद्धान्तिक खाकाको आधारमा कक्षाकोठा शिक्षण सिकाईको प्रभावकारीताको लागि सुपरिवेक्षणको भूमिकाको अर्थलाई व्यवस्थित गरिएको छ । सम्पूर्ण अध्ययन र विश्लेषणको आधारमा कक्षाकोठाको शिक्षण सिकाई प्रभावकारी बनाउन प्रधानाध्यापक, विद्यालयमा निरीक्षक तथा विद्यालय व्यवस्थापन समितिबाट समेत कक्षाकोठा सुपरिवेक्षण शिक्षा नियमावलीले तोकेको बमोजिम उत्तरदायित्वको बहन नभएको देखियो । शिक्षकहरुले कक्षा अवलोकन पश्चात शिक्षण सिकाइलाई प्रभावकारी बनाउने । त्यसमा सुधार ल्याउन दिईने पेशागत र प्रविधिक सल्लाह, सुझाव र परामर्श नपाएको कारणले कक्षाकोठा सुपरिवेक्षण व्यवस्था सहयोगात्मक तथा सुधारात्मक नभएको पाइयो ।

सुपरिवेक्षण व्यवस्था फितलो रहेको, सुधारात्मक तथा उपचारात्मक नरहेको, कक्षाकोठा शिक्षण सिकाई परम्परागत रुपमा रही सुधार आउन नसकेको अबस्था छ । विद्यालय सुपरिवेक्षणको लागि आवश्यक पर्ने श्रोतसाधनको व्यवस्था नरहेकोले प्रधानाध्यापक, विद्यालय निरीक्षक तथा विद्यालय व्यवस्थापन समिति क्रियाशिल नभई शिक्षा नियमावली शंसोधन २०६१ को निरीक्षणालय निर्देशिकाले दिएको जिम्मेवारी बहन गर्न अनुतरदायित्व देखिएको छ । सुपरिवेक्षणको जिम्मा पाएको पक्षहरु कानूनी र कागजी सुपरिवेक्षण गरेको पाइयो । कक्षाकोठा निरीक्षण अनौपचारिक तथा कक्षा नियमित संचालन भइरेहेको तथा कक्षा अनुशासित रहेकामा मात्र सिमित थियो । सुपरिवेक्षण व्यवस्था शैक्षिक र दैनिक कार्यक्रम सँग बढी संलग्न रहेको पाइएको छ । शिक्षकहरु र प्रधानाध्यापकहरुले शैक्षिक निरीक्षणको पक्षमा उत्साहित थिए तर विद्यालय निरीक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिबाट शैक्षिक सुधार तथा पेशागत र प्राविधिक सहयोग पाइने आशामा थिए । प्रधानाध्यापक, विद्यालय निरीक्षक तथा विद्यालय व्यवस्थापन समिति बढी योग्यता तथा अनुभव नभएकोले पनि सुपरिवेक्षण कार्य प्रभावित रहेको छ । कक्षाकोठाको शिक्षण सिकाइको अवलोकन भन्दा विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीहरु

प्रधानाध्यापकसँग बढी भलाकुसारी गरेको कुरा अध्ययनबाट पाइएको थियो । सुपरिवेक्षकद्वारा नमूना कक्षा संचालन नगरेको, निरन्तर मूल्याङ्कन नगरेको तथा राजनितिकको प्रभावले तालिम तथा सेवा सुविधा पाउनु पर्ने शिक्षकले नपाएकाले शिक्षण सिकाई प्रभावित भएको देखियो ।

विद्यालयहरुमा विद्यालयको प्रशासन, राजनितिक तत्व र प्रतिष्ठाको सवाल आदि आपसी संघर्षको वास्तविक कारण रहेको छ । विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीले शिक्षक नियूक्ती, राज्यले विद्यालयमा प्रदान गरेको भौतिक लगायतको सुबिधामा आर्थिक अनियमितता गर्ने, रिक्त दरबन्दीमा अनुचित लाभ लिई जिल्लाअन्तर सरुवा गर्ने कार्यमा केन्द्रित रहेको देखियो । यसका लागि विद्यालय ब्यबस्थापन समितिको पदाधिकारी र प्रधानाध्यापकको मिलेमतो रहने गर्दछ । शैक्षिक पाटोको प्रमुख आधार शिक्षकलाई बेवास्ता गरि विद्यालय ब्यबस्थापन समितिको पदाधिकारी र प्रधानाध्यापकहरु आ आफ्नो ब्यक्तिगत फायदाको लागी विद्यालयमा बस्ने गरेको पाइयो ।

यस अध्ययनको सामान्य प्राप्तिको रुपमा रहेको सुपरिवेक्षण पक्षहरु श्रोतव्यक्ति, विद्यालय निरीक्षक, विद्यालय व्यस्थापन समिति तथा प्रधानाध्यापकले पाएको शिक्षा नियमावली २०५९ सुपरिवेक्षण सम्बन्धी उत्तरदायित्व प्रति उदासिन देखियो तथा निरीक्षण कम मात्रामा गरेको तथा शिक्षकलाई शिक्षण सुधार, त्यसलाई प्रभावकारी बनाउन तथा अन्य शैक्षिक पेशागत र प्राविधिक सेवा उपलब्धता नभईरहेकोले सुपरिवेक्षणले राखेको उद्देश्य पूरा नभएको पाइयो ।

## ५.२.सुझाव

विद्यालय ब्यबस्थापन समितिको छनौट प्रक्रियामा सुधार नल्याएसम्म निरीक्षण पद्धतिले खासै गति लिन सक्ने देखिदैन । त्यस्तै हाम्रो देशमा कार्यक्रम केन्द्रले बनाउछ, कार्यान्वयनको लागि स्थानीय तहमा पठाइन्छ । त्यसपछि एकपटक कार्यक्रम मुल्याङ्कनका अनौपचारिक गोष्ठी गरी कार्यक्रम सकिन्छ । केन्द्रले कार्यक्रम विकास गर्ने तहले लागु गर्ने र मूल्याङ्कनका वास्तविक समस्या के थिए ? कस्ता बाधा व्यवधान परे ? किन कार्यक्रमले अपेक्षित लक्ष्य र प्रगति गर्न सकेन ? भन्ने कुराको वास्तविकता केन्द्रिय

पदाधिकारीमा ज्ञान नहुने र हतारमा मूल्याङ्कन गर्ने परिपाटीले कार्यक्रम सुधारका लागि उपयुक्त पृष्ठपोषण प्राप्त नहुने गरेको र प्राप्त पृष्ठपोषण आधारमा कार्यक्रम सुधार हुने गरेको पाइएन । अतः सुपरिवेक्षणमा देखिएको कमी कमजोरीलाई निराकरण गर्न र कक्षाकोठा शिक्षण सिकाई प्रभावकारी बनाउन प्राप्ति र निष्कर्षको आधारका निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.२.१ नीतिगत तह

नीतिगत रुपमा विद्यालयको रेखदेख नियन्त्रणको लागि अधिकार सिमित मात्रामा मात्र स्थानीय निकायलाई दिनुपर्दछ । वर्तमान अवस्थामा रहेको सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अधिकार कटौती गरी नियूक्ति र सरुवासम्बन्धी अधिकार जिल्ला शिक्षा कार्यालय मार्फत नेपाल सरकारले लिनुपर्ने तथा मात्र स्थानीय स्तरबाट विद्यालयको व्यवस्थापन, शिक्षकको बढुवा तथा स्तरोन्तिको सिफारिस गर्ने कार्य विद्यालय व्यवस्थापन समितिलाई सुम्पिनु पर्दछ । सुपरिवेक्षण सम्बन्धी कार्यक्रम बनाउँदा प्रधानाध्यापक, विद्यालय निरीक्षक, श्रोतव्यक्ति, जिल्ला शिक्षा अधिकारी, विद्यालय ब्यबस्थापन समितिको पदाधिकारी, अभिभावक तथा नागरिक समाजको सुपरिवेक्षणीय भूमिका स्पष्ट रुपमा किटान गर्नु पर्दछ ।

विद्यालय ब्यबस्थापन समितिको अबधारणालाई साकार पार्न दक्ष ब्यक्तिलाई छनौटमा जोड दिनु पर्दछ । विद्यालय ब्यबस्थापन समिति छनौटमा राजनैतिक भागबण्डा तथा निर्वाचन प्रक्रियालाई ठयाप्पे हटाउनु पर्दछ । विद्यालयको शैक्षणिक कार्यलाई सुपरीवेक्षण गरेर गुणस्तरीया शैक्षिक ब्यबस्था कायम गर्न विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीलाई तालिम, गोष्ठी, अन्तरक्रिया गराउनु पर्दछ । कागजी र कानूनी निरीक्षणलाई निरुत्साहित गर्नुपर्दछ । शैक्षिक क्षेत्रलाई राजनैतिक प्रभावबाट अलग राख्नुपर्दछ । कक्षा अवलोकनमा उपचारात्मक निरीक्षण पद्धतिको निति अपनाउने तर्फ कार्यक्रम केन्द्रित गर्नुपर्दछ ।

यस अवस्थामा प्राथमिक शिक्षकको योग्यता, आधार शिक्षकको योग्यता तय गर्नुपर्ने निति बनाउन आवश्यक देखिन्छ । प्राथमिक शिक्षकको योग्यता शिक्षा संकाय अन्तर्गत

प्रवीणता प्रमाण पत्र तह उत्तिर्ण गरेको, आधार शिक्षाका शिक्षकको योग्यता शिक्षा संकायमा स्नातक तथा माध्यमिक (+२) को शिक्षको लागि शिक्षा संकायमा स्नातकोत्तर तोक्नु पर्दछ । त्यस्तै श्रोतव्यक्तिको योग्यता शिक्षा संकायमा स्नाकोत्तर उत्तीर्ण हुनुमा जोड दिनुपर्ने देखिन्छ । विद्यालय व्यबस्थापन समितिको पदाधिकारी हुन सरकारी सेवा र खासगरि शैक्षिक क्षेत्रबाट अबकाश प्राप्त ब्यक्तिलाई पहिलो प्राथमिकतामा राख्ने नीति बनाउनु आवश्यक छ ।

### ५.२.२ कार्यान्वयन तह

वर्तमान विद्यालय ब्यबस्थापन समितिसम्बन्धी योजना नीति र कार्यान्वयनलाई तदारुक्तासाथ कार्यान्वयन गर्नुपर्दछ । सुपरिवेक्षण शिक्षण सिकाइलाई प्रभावकारी, गुणस्तरीय पेशागत सल्लाह दिने सोच अनुरुप योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । केन्द्रले सुपरिवेक्षण सम्बन्धी कार्यक्रममा निति निर्माण गर्दा निति निर्माण कार्यान्वयन तहको अनुभव र सहभागिताको आधारमा निति निर्माण तहको कार्यक्रम बनाउनु पर्दछ । स्थानीय तथा सुपरिवेक्षण कार्यक्रम विकास गर्दा नै कार्यक्रम कार्यान्वयनमा संलग्न व्यक्तिको क्षमता, स्तर, आवश्यकता, सम्भावना औचित्यलाई ध्यानमा राख्नुपर्दछ । कार्यक्रम कार्यान्वयनका लागि कार्यान्वयन गर्ने व्यक्तिलाई उपयूक्त प्रवोधिकरण र अभिमुखीकरण कार्यक्रम लागु गर्नुपर्दछ ।

कार्यक्रम संचालन गर्न सक्षम व्यक्तिलाई जिम्मेवारी दिनुपर्दछ । कार्यक्रम कार्यान्वयनका लागि प्रभावकारी संयन्त्रको साथै बलियो अनुगमन र पृष्ठपोषणको व्यवस्था गर्नुपर्दछ । सुपरिवेक्षण कार्यक्रम शिक्षण सिकाई प्रक्रियामा सुधार कार्यमा केन्द्रित गर्नुपर्दछ । कार्यक्रम कार्यान्वयनका लागि उपयूक्त वातावरणको सृजना गर्नुपर्दछ । कार्यक्रम कार्यान्वयन लागि उपयूक्त भौतिक तथा वित्तिय श्रोत साधनको व्यवस्था गर्नुपर्दछ । कार्यक्रम कार्यान्वयन गर्दा आइपरेको समस्या सुनिदिन र त्यसको समाधान गर्ने परिपाटीको विकास गर्नुपर्दछ । कार्यक्रम कार्यान्वयनकर्ताबाट अनुगमन गर्दा दिइएको सुझावहरुको कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम सकिएपछि त्यसको समग्र

मूल्याङ्कन गरी पृष्ठपोषण र अगामी कार्यक्रम सुधार सम्बन्धी कार्य गर्ने प्रवृतिको विकास गर्नुपर्दछ ।

कार्यान्वयनबाट कार्यक्रम सुधारका लागि दिइने सुझाव सल्लाह एवं कठिनाईलाई विश्लेषण गरी त्यसमा आवश्यक सुधार गर्नुपर्दछ । विद्यालय ब्यबस्थापन समितिको पदाधिकारी र शिक्षक बीचको मानवीय सम्बन्धको स्थापना गर्नुपर्दछ । सुपरिवेक्षण सम्बन्धी निति निर्माण गर्दा त्यसको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषणको व्यवस्था गर्नुपर्दछ ।

### ५.२.३ अनुसन्धान तह

सुपरिवेक्षणलाई प्राविधिक सेवाको रुपमा विकसित गर्नुपर्दछ । सुपरिवेक्षक (विद्यालय ब्यबस्थापन समितिको पदाधिकारी) ले शिक्षकसँग मानवीय सम्बन्ध स्थापना गरी शिक्षकमा भएको कमीकमजोरी हटाई शिक्षण सिपको विकास गराउनुपर्छ । सुपरिवेक्षकले शिक्षकसँग बसेर शिक्षण योजना, पाठयोजना, इकाई योजना तथा वार्षिक योजनाको निर्माण गर्नुपर्दछ । शिक्षण कार्य सम्बन्धी पृष्ठपोषण दिनुपर्दछ । निरीक्षकले शिक्षकसँग सहमति गरी कक्षा अवलोकन गर्ने रणनिति निर्माण गर्नुपर्दछ । सुपरिवेक्षण सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहनेले विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीको योग्यता, विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीको छनौट प्रक्रिया, विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीको नेतृत्व, विद्यालय ब्यबस्थापन समितिको पदाधिकारी र विद्यालय निरीक्षकको तुलनात्मक अध्ययन, सुपरिवेक्षणमा विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीको भूमिका, आदि विषयका थप अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

# सर्न्दभसूची


काफ्ले, बासुदेव श्रेष्ठ, चन्द्रवहादुर र सिन्हा, रामस्वरुप (२०६२), ***शैक्षिक प्रशासन र सुपरिवेक्षण,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, बासुदेव विष्ट, मिनवहादुर, सिन्हा, रामस्वरुप र श्रेष्ठ, चन्दबहादुर (२०६०), ***शैक्षिक योजना, काठमाडौं*** : भूँडीपूराण प्रकाशन ।

कानून किताव व्यवस्था समिति (२०५९), ***शिक्षा ऐन, २०२८, तथा शिक्षा नियमावली,*** , काठमाडौं ।

खनाल, पेशल, (२०६४), ***शैक्षिक अनुसन्धान पद्धति, काठमाडौं*** : सनलाइट पब्लिकेसन ।

थापा, गोविन्द (२०६८), ***विद्यालय सुपरिवेक्षणको अवस्था,*** अप्रकाशित शोध पत्र, त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय : ठाकुरराम बहुमुखी क्याम्पस, वीरगंज ।

थापा, एन.पी., (२०६४), ***शिक्षा शास्त्र र नेपालमा शिक्षा तथा निरीक्षण सम्बन्धी विषय,*** : काठमाडौं, एम.के. पब्लिशर्स ।

बराल, देवकुमार गौतम, गेहनाथ र निरौला, यादवचन्द्र (२०६०), *विद्यालय* ***निरीक्षक दिग्दर्शन,*** **काठमाडौं** : मकालु प्रकाशन ।

यादव, पवन (२०६७), ***सुपरिवेक्षकको नेतृत्वशैली अध्ययन,*** अप्रकाशित शोध पत्र, त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय : ठाकुरराम बहुमुखी क्याम्पस, वीरगंज ।

रौनियार, अशोक कुमार (२०६८) ***गुणस्तरीय शिक्षणमा विद्यालय व्यवस्थापन समिती,*** अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय : ठाकुरराम बहुमुखी क्याम्पस, वीरगंज ।

विद्यालय श्रोत सामग्री **(२०५३),*स्रोतकेन्द्र विकास इकाई,*** काठमाडौं : शिक्षा मन्त्रालय ।

शर्मा, गोपीनाथ (२०५३), ***नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,*** काठमाडौं : मकालु बुक एण्ड स्टेशनर्स ।

शिक्षा मन्त्रालय, (२०६६), ***विद्यालय क्षेत्र सुधार कार्यक्रम मुल दस्तावेज,*** काठमाडौं : शिक्षा मन्त्रालय ।

शिक्षा तथा खेलकुद मन्त्रालय, ***निरीक्षणालय निर्देशिका,*** (२०६२), काठमाडौं : शिक्षा तथा खेलकुद मन्त्रालय ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला (२०५७), ***शैक्षिक प्रशासन, काठमाडौँ*** : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शिक्षा विभाग, (२०६६), ***शैक्षिक समाचार,*** २०६६, भक्तपुर : शिक्षा विभाग ।

श्रेष्ठ, श्रीकृष्ण, (२०६०), ***विद्यालय निरीक्षक दर्पण*** : काठमाडौँ, पैरवी प्रकाशन ।

# विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा

## *अनुसूची : 1*

### *शैक्षणिक निरीक्षणका लागि गरिने कार्यहरु निम्न लिखित छन् ।*

१. शिक्षकको व्यक्तिगत/पेशागत विकास गर्न सघाउने ।

२. शिक्षकको कक्षा अवलोकन गर्ने र कक्षालाई प्रभावकारी बनाउन उपयूक्त सल्लाह र सुझावका साथै शिक्षण कार्यमा सहयोग पुर्‍याउने ।

३. शिक्षण सिकाई विद्यालय व्यबस्थापनलाई प्रभावकारी बनाउन, शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति बीचको सुमधुर सम्बन्ध कायम गर्न सघाउने ।

४. शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा सघाउने ।

५. विद्यार्थी केन्द्रित विधिको छनौट र प्रयोगमा सघाउने ।

६. निरन्तर विद्यार्थी मूल्याङ्कनका तरिका र उपाय सुझाउने ।

७. शिक्षण सिकाइका समस्या समाधान गर्न स-साना लघु अनुसन्धान वा कार्यमूलक अनुसन्धान गर्न सहयोग पुर्‍याउने ।

८. बालबालिकाको मनोभावना अनुसार शिक्षण शिक्षा मनोविज्ञान सम्बन्धी ज्ञान दिने ।

९. शिक्षण पद्धतिको सुधार, विकास तथा अनुकुल सिद्धान्तबारे ज्ञान, सीप प्रदान गर्ने ।

१०. कुशल शैक्षिक नेतृत्व प्रदान गर्ने ।

११. परिवर्तनकर्ताको रुपमा कार्य गर्ने ।

१२. शिक्षकको व्यवसायिक साथीको रुपमा कार्य गर्ने ।

## विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा

## *अनुसूची : २*

***विद्यालय व्यवस्थापन समिति र श्रोतव्यक्तिको समूहगत छलफलका लागि तयार गरिएका पश्नहरु***

१. कक्षाकोठा सुपरिवेक्षण गर्न किन आवश्यक छ ?

२. विद्यालय निरीक्षणको उद्देश्य के हो ?

३. सिकाइका असर पार्ने कुराहरु के-के हुन् ?

४. सिकाइस्तर बढाउनका लागि सुपरिवेक्षणले के-के गर्न सक्दछन् ?

५. कक्षाकोठा सुपरिवेक्षणमा आइपरेका समस्याहरु के-के हुन् ?

६. कक्षाकोठा सुपरिवेक्षणमा आइपरेका समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ?

७. कक्षाकोठा सुपरिवेक्षणले कसरी शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन सकिन्छ ?

**विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा**

## *अनुसूची : ३*

### *कक्षा अवलोकन फारमको नमूना-२*

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : कक्षा :

विषय : समय :

पाठ :

| क्र.सं. | विषयबस्तु | अत्युत्तम | उत्तम | मध्यम | निम्न | छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उद्देश्य | | | | | | |
| २ | विषयबस्तुको तयारी | | | | | | |
| ३ | विषयबस्तुमा स्पष्टता | | | | | | |
| ४ | भाषामा शुद्धता | | | | | | |
| ५ | विषयवस्तु प्रति शिक्षकको रुचि | | | | | | |
| ६ | शैक्षिक सामग्रीको उपयुक्तता | | | | | | |
| ७ | ठीक समय प्रयोग भयो | | | | | | |
| ८ | स्पष्ट देखिने खालको | | | | | | |
| ९ | पाठ्य वस्तु पूर्व पाठमा आधारित | | | | | | |
| १० | कक्षामा विद्यार्थीहरुको सहभागिता | | | | | | |
| ११ | विद्यार्थी केन्द्रित शिक्षण विधि | | | | | | |
| १२ | विषयबस्तुमा उदाहरणहरु | | | | | | |
| १३ | शिक्षक विद्यार्थी दुबैको सहभागिता | | | | | | |
| १४ | शिक्षकले बीच-बीचमा प्रश्न सोध्ने | | | | | | |
| १५ | कालोपाटी प्रयोग | | | | | | |
| १६ | शैक्षिक सामाग्रीहरु प्रयोग गरेको | | | | | | |
| १७ | शिक्षण विधि | | | | | | |
| १८ | मूल्याङ्कन लिखित/मौखिक | | | | | | |
| १९ | उद्देश्य पूरा हुने खालको | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | गृहकार्य | | | | | | |
| २१ | अन्य | | | | | | |

नोट : *पूर्णाङ्क ५ राखी प्रत्येक कोलममा निरीक्षक आफैले ठीक चिन्ह (✓) लगाउनु होस् ।*

.......................

**निरीक्षकको सही**

## विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा

## *अनुसूची : ४*

### शिक्षकहरुका लागि प्रश्नावली

नाम :-

विद्यालय :- शिक्षण अनुभव :

तह : योग्यता :

अध्यापनका विषय : तालिम :

कृपया तल दिइएको भनाइमा आफ्नो विचार (✓) चिन्ह दिएर व्यक्त गर्नुहोस् ।

१. के विद्यालय निरीक्षक/विद्यायल व्यवस्थापन समिति कक्षाकोठा अवलोकनको पूर्व सूचना दिनुहुन्छ ?

२. कस्ता खाले कक्षाकोठा सुपरिवेक्षण विद्यालय निरीक्षक वा विद्यालय व्यवस्थापन समितिबाट गरिन्छ ?

३. वर्षमा कति पटक विद्यालय व्यवस्थापन समिति/विद्यालय निरीक्षकले तपाईको कक्षाकोठा निरिक्षण गर्नुहुन्छ ?

४. के विद्यालय निरीक्षक/विद्यालय व्यवस्थापन समिति कक्षाकोठा सुपरिवेक्षण नियमित रुपले संलग्न रहनुहुन्छ ?

५. शिक्षा नियमावली अनुसार वि.नि./विद्यालय व्यवस्थापन समितिको सुपरिवेक्षणीय भूमिकाबारेमा के परिचित हुनु हुन्छ ?

६. के तँपाईको विद्यार्थीले तँपाईको शैक्षणिक प्रक्रियामा केही शिकायत हो ?

७. के तँपाईलाई लाग्दछ कि विद्यालय निरीक्षक/विद्यालय व्यवस्थापन समितिबाट कक्षाकोठा शिक्षण उपयोगी छ ?

८. यदि होइन भने किन ?

९. के विद्यालय निरीक्षक/विद्यालय व्यवस्थापन समिति कक्षाकोठा शिक्षणको निरीक्षण गर्नुहुन्छ ?

१०. हो भने के निरीक्षण गर्नु हुन्छ ?

११. होइन भने किन ?

१२. के तँपाई प्रधानाध्यापकसँग मिलेर विद्यालयको दैनिक कार्यक्रम बनाउनु हुन्छ ?

१३. के तँपाई नियमित रुपमा शिक्षक बैठक भाग लिनुहुन्छ ?

१४. बैठकमा के-के विषयमा छलफल गरिन्छ ?

१५. के तँपाई सोच्नुहुन्छ कि कक्षाको सुपरिवेक्षणले शैक्षिक गुणस्तर बढाउनमा सहयोग गर्न सक्छ ?

१६. तँपाइको विचारमा विद्यालय सुपरिवेक्षक को हुन ?

१७. तँपाई विद्यार्थीलाई कसरी पढाउनु हुन्छ ?

१८. तँपाईको प्रधानाध्यापक मुख्य रुपले के काममा व्यस्त रहनुहुन्छ ?

१९. के तँपाइको शिक्षणबारेमा सुपरिवेक्षकले पृष्ठपोषण दिनु हुन्छ ?

२०. तँपाइलाई सुपरिवेक्षकद्वारा कस्ता किसिमका पृष्ठपोषण प्रदान गरिन्छ ?

२१. तँपाइको बिचारमा कक्षाकोठा सुपरिवेक्षण प्रभावकारितामा मुल समस्याहरु के-के छन् ?

२२. कक्षाकोठा सुपरिवेक्षण व्यवस्थामा सुधारका सम्भावित मापनहरु के-के छन् ?

## विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा

## *अनुसूची : ५*

## प्रधानाध्यापक र विद्यालय निरीक्षकको लागि प्रश्नावली

नाम :-

विद्यालय नामः- जिल्ला :

गाँउ ⁄ नगर तह :

योग्यता : शिक्षकको अनुभव :

तालिम : मुल विषय :

तलको उत्तरमा (✓) चिन्ह लगाउनु होस् ।

१. के तँपाई सुपरिवेक्षणको योजना बनाउनुहुन्छ ?

२. तँपाई कस्तो किसिमको कक्षाकोठा सुपरिवेक्षण गर्नु हुन्छ ?

३. के तँपाई शिक्षकहरुको शैक्षणिक क्रियाकलापको सुपरिवेक्षण गर्नु हुन्छ ?

४. यदि होइन भने त्यसका कारणहरु के-के हुन् ?

५. एक वर्षमा तँपाई कति पल्ट कक्षा अवलोकन गर्नु भएको छ ?

६. के तँपाइले वर्षमा एक चोटी पनि कक्षा अवलोकन गर्न सक्षम हुनु भएको छ ?

७. शिक्षा नियमावलीमा दिइएको सुपरिवेक्षण व्यवस्था बारेमा गरेका व्यवस्थासँग के तँपाइ परिचित हुनु हुन्छ ?

८. के शिक्षकहरु शिक्षणको लागि पाठायोजना तैयार गर्ने गरेका छन् ?

९. शिक्षकको शिक्षण क्रियाकलापबारे के विद्यार्थीहरुले शिकायत गर्ने गरेका छन् ?

१०. के तँपाइको विचारमा प्रधानाध्यापकद्वारा विद्यालयको कक्षा अवलोकन गर्नु जरुरी छ ?

११. यदि हो भने यो किन जरुरी छ ?

१२ं यदि छैन भने यो किन जरुरी छैन् ?

१३. के तँपाई कक्षाको दैनिक कार्यक्रम तैयार गर्न शिक्षकहरुको सहयोग लिनुहुन्छ ?

१४. के तँपाई नियमित रुपले शिक्षकहरुको बैठक बोलाउनु हुन्छ ?

१५. कुन विषयमा छलफल गरिन्छ ?

१६. के शिक्षकहरुको कामको मूल्याङ्कन तथा पारितोषिकको व्यवस्था गर्नु भएको छ ?

१७. के तँपाई नमूना कक्षा संचालन गर्नुभएको छ ?

१८.यदि गर्नु भएको छैन भने कारणहरु के छन् ?

१९. के तँपाइको कक्षा शिक्षण सम्वन्धित सेमिनार, कार्यशाला तथा गोष्ठी संचालन गर्नु भएको छ ?

२०. तँपाइले कक्षाकोठा निरीक्षणको सम्बन्धमा कस्ता खाले पृष्ठ पोषण दिनु भएको छ ?

२१. के तँपाइले विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनु भएको छ ?

२२. तँपाइको कक्षाकोठा सुपरिवेक्षणले निम्न के मा जोड दिने गर्दछ ?

| **भनाई** | **हो** | **होइन** |
|---|---|---|
| कक्षा शिक्षण | | |
| शिक्षकको नियमितताको निरीक्षण | | |
| शिक्षकसँग अर्न्तक्रिया | | |

२३. प्रेत्यक दिन तँपाइले कति घण्टी शिक्षण गर्नुहुन्छ ?

२४. तँपाइको विचारमा कक्षाकोठा सुपरिवेक्षणको प्रभावकारितामा मुख्य समस्याको रुपमा के-के रहेको छन् ?

२५. कक्षाकोठा सुपरिवेक्षण व्यवस्थाको सुधारका लागि सम्भावित मापदण्ड के-के हुन सक्दछन् ?

# विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा

## *अनुसूचि : ६*

## शिक्षक व्यवहारको विश्लेषण तालिका

| को बोल्दै छ ? | कस्तो प्रभाव पर्दैछ ? | | शिक्षकद्वारा कस्ता किसिमका अन्तक्रिया हुदैछन् ? |
|---|---|---|---|
| शिक्षक | अप्रत्यक्ष प्रभाव | प्रतिक्रिया जनाइएको | १. विद्यार्थीका धारणा, अनुभूतिहरु स्वीकार गरिएको छ ?<br>विद्यार्थीका सकारात्मक जे जस्ता कुरा पनि डर धम्की नदेखाइएको सुनिएको छ । |
| | | | २. विद्यार्थीलाई उत्साहित कदर गरिएको छ । |
| | | | ३. विद्यार्थीका विचारहरुको कदर गरिएको छ ।<br>विद्यार्थीलाई प्रोत्साहित गर्ने शब्दहरु प्रयोग भएको “स्यावास............राम्रो ” |
| | | | ४. बीच बीचमा प्रश्न सोधिएका छ ? |
| | प्रत्यक्ष प्रभाव | चासो लिनका लागि | ५. भाषणको माध्यबाट पढाईको छ निरन्तर भाषण गरिएको छ । परम्परागत ढँगबाट प्रश्न सोधिन्छ । उत्तर कुरिदैन ? |
| | | | ६. काम गर्ने निर्देशिका वा आदेश दिइएको छ ? |
| | | | ७. आलोचना गरिएको छ वा गरेका काम कारवाहिलाई पुष्टयाई गर्ने काम भएका छ ? |
| | | | ८. विद्यार्थीलाई कुरा गर्न प्रोत्साहित गरिएको छ ? |
| | | प्रतिक्रिया | ९. विद्यार्थीलाई क्रमिक रुपले बोल्ने मौका दिइएको छ ? |
| | | | १०. विद्यार्थीहरु नबुझ्रेर चुपचाप बसिरहेका छन् । |

## शिक्षकले कुन व्यवहार र विधिमा कति समय खर्च गयो भनी निदान गर्ने यन्त्र (Tool)

| व्यवहार/समय सकेन्डमा । | | ५ | १० | १५ | २० | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | ६० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थीको विचार स्वीकार गर्छ । | १ | | | | | | | | | | | | |
| विद्याथीलाई प्रोत्साहित गर्छ । | २ | | | | | | | | | | | | |
| विद्याथीको विचारको प्रयोग गर्छ । | ३ | | | | | | | | | | | | |
| विद्याथीलाई बोल्न प्रोत्साहित गर्छ । | ४ | | | | | | | | | | | | |
| प्रश्नहरु सोध्छ । | ५ | | | | | | | | | | | | |
| विद्याथीको प्रश्नको जवाफ दिन्छ । | ६ | | | | | | | | | | | | |
| भाषण व्याख्या गर्छ । | ७ | | | | | | | | | | | | |
| निर्देशन दिन्छ । | ८ | | | | | | | | | | | | |
| आलोचना गर्छ, आफूले जिद्दी गर्छ । | ९ | | | | | | | | | | | | |
| विद्याथीलाई भ्रममा पार्छ, चुपचाप राख्छ । | १० | | | | | | | | | | | | |

***नोट :*** शिक्षकले पढाउने थालेपछि हरेक पाँच सेकेन्डमा (✓) चिन्ह लगाउदै जाने र कक्षा सकिएपछि शिक्षकसँग कुन कुन व्यवहारमा कति कति समय लगाइयो, कुन कुन व्यवहारको वास्ता गरिएन छलफल गर्ने र सुधारको लागि सुझाव दिने । यो अभ्यास ५-१० मिनेट गरे पुग्छ ।

## विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा

## *अनुसूचि : ७*

### कक्षा अवलोकनको फारमको नमूना : १

विद्यालयको नाम :                                    मिति :

शिक्षकको नाम :                                    कक्षा :

विषय :                                    समय :

पाठ :

| १. शैक्षिक सामाग्री | चार्ट छ/छैन | पत्रपत्रिका छ/छैन | कालोपाटी छ/छैन | फलाटिन बोर्ड छ/छैन | तस्बीर छ/छैन | कटपीस छ/छैन | ग्राफ छ/छैन | अन्य छ/छैन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| २. शिक्षण क्रियाकलाप | पूर्व पाठम | | विद्यार्थी सहभागिता | | विद्यार्थीहरु लाई प्रश्न सोध्ने | | प्राप्त उत्तर बोर्डमा लेख्ने | | विद्यार्थीहरुले अध्ययनमा ध्यान | | शिक्षकले लगाएको काम | सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छै | छ | छैन | गरेको | नगरेक | गरेक | नगरेक | दिएक | नदिएक | गरेको | नगेरेक | |
| | | | | | | | | | | | | | |

| ४. शिक्षण विधि | प्रदर्शन | छलफल | व्याख्या | भूमिका निर्वाह | समस्या समाधान | शैक्षिक भ्रमण | सुझाव |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| ५.मूल्याङ्कन : लिखित मौखित | अध्यापनका साथ साथै गर्ने गरेको/नगरेको | सधै विद्यार्थीलाई समेट्ने किसिमका छ/छैन | विद्याथीहरुले वोर्डको प्रयोग गरेको /नगरेको | ठीक उत्तर प्राप्त भएमा प्रेरणा दिए/ नदिएको | केटाकेटीहरुको बरावर सहभागिता भए/ नभएको | सुझाव |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| ६. गृहकार्य | पर्याप्त दिए/ नदिएको | पाठ सुहाउँदो किसिमको भए/नभएको | विद्यार्थीहरुको स्तरअनुसारक छन्/छैनन् | छोटो उत्तर लेख्न दिए/नदिएको | लामो उत्तर लेख्न दिए/नदिएको | सुझाव |
|---|---|---|---|---|---|---|
| | | | | | | |

निरीक्षकले दिएको सुझाव :

१.

२.

३.

४.

......................

निरीक्षकको सही

## विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा

## *अनुसूचि : ८*

## कक्षा शिक्षण ठीक तरीकाले भए नभएको थाहा पाउने प्रधानाध्यापक/विभागीय प्रमुख/ सुपरिवेक्षकले प्रयोग गर्ने मूल्याङ्कन फारम

| शिक्षकको काम | कामको क्षेत्र | क्रियाकलापहरु | परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ५ | ४ | ३ | २ | १ |
| पाठको तयारी गर्ने | तयारीको विषय | १. कक्षा शिक्षणका लागि पाठ योजना तयारी गरेको | | | | | |
| | | २. पढाउने विषयबस्तु संगठित गरेको | | | | | |
| | | ३. शैक्षिक सामग्री तयारी गरेको | | | | | |
| | | ४. सिकाई अनुकुल बसाई व्यवस्था मिलाएको | | | | | |
| | | ५. उचित ठाउँमा सामग्रीको व्यवस्था गरेको | | | | | |
| पाठको प्रारम्भ गर्ने | पाठको शुरुवात | ६. ठीक समयमा कक्षाको शुरुवात गरेको | | | | | |
| | | ७. विद्यार्थीहरुलाई उत्प्रेरणा दिएको | | | | | |
| | | ८. पूर्वपाठ र नयाँ पाठको सम्बन्ध जोडेको | | | | | |
| | | ९. पाठका उद्देश्यहरु स्पष्ट पारेको | | | | | |
| शिक्षण क्रियाकलाप गर्ने | विषयवस्तु | १०. विषयवस्तु शुद्ध ढङ्गले प्रस्तुत गरेको | | | | | |
| | | ११. क्रमबद्धरुपमा विषयवस्तुको प्रस्तुति गरेको | | | | | |
| | | १२. उपयुक्त उदाहरणको प्रस्तुति गरेको | | | | | |
| | | १३. मुख्य सारको प्रस्तुत गरेको | | | | | |
| | शिक्षणविधि | १४.विद्यार्थीहरुलाई सक्रिय रुपमा सहभागी गराएको | | | | | |
| | | १५. विद्यार्थीको नाम काडेर बोलाएको | | | | | |
| | | १६. छिटो सरल र वुझिने खालको शिक्षण गरेको | | | | | |
| | | १७. सिर्जनात्मक रुपमा शिक्षण विधिको छनौट र प्रयोग गरेको | | | | | |
| | | १८. बीच बीचमा पाठको भार प्रस्तुति गरेको | | | | | |
| | सामग्रीहरु | १९. दृश्य सामग्रीहरुको प्रयोग पर्याप्त गरेको | | | | | |
| | | २०. सामग्रीहरु सिकाई अनुभवमा मेल भएको | | | | | |
| | | २१. सामग्री निपुणतासाथ प्रयोग गरेको | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २२. सामग्रीहरुको संरक्षण र भण्डारण राम्रो सँग गरेको | | | | | | |
| निर्देशन गर्ने | आधारभूत सीपहरु | २३. पढाउँदा शिक्षकको आत्मविश्वास बढेको | | | | | | |
| | | २४. आँखाको दृष्टि सबै विद्यार्थीमा पुगेको | | | | | | |
| | | २५. हाउभाउ पाठसँग मिल्दोजुल्दा भएको | | | | | | |
| | | २६. स्वर मिठो र स्पष्ट भएको | | | | | | |
| | | २७. अध्यापनको शीर्षक र पढाइमा मेल भएको | | | | | | |
| | | २८. प्रयोग भएका शब्दहरु विद्यार्थीको स्तरसँग मिलेका | | | | | | |
| | प्रश्नहरु | २९. विद्यार्थीहरुलाई सोध्ने मौका दिइएको | | | | | | |
| | | ३०. खुल्ला प्रश्नहरुको प्रयोग भएको | | | | | | |
| | | ३१. उत्तर दिन नसकिएका प्रश्नहरुको उत्तर खोजी गरिएको | | | | | | |
| | | ३२. विद्यार्थीतर्फ लक्षित गरी प्रश्नहरु गरिएको | | | | | | |
| | | ३३. उत्तर खोज्ने विद्यार्थीलाई मदत गरिएको | | | | | | |
| | शिक्षक कार्य दक्षता | ३४. विद्यार्थीलाई पर्याप्त निर्देशन दिइएको | | | | | | |
| | | ३५. विद्यार्थीलाई सक्रिय समयमा उत्प्रेरणा र पृष्ठपोषण दिएको | | | | | | |
| | | ३६. सबै विद्यार्थीहरुमा शिक्षकको पहुँच भएको | | | | | | |
| | | ३७. विद्यार्थीहरुलाई विकसित काम गर्न बानी बसालेको | | | | | | |
| | | ३८. विद्यार्थीहरुलाई स्वतन्त्र रुपमा काम गर्ने मौका दिइएको | | | | | | |
| | | ३९. विद्यार्थीलाई प्रजातान्त्रिक ढङ्गबाट बोल्न र व्यवहार गर्न सिकाएको | | | | | | |
| | | ४०. विद्यार्थीहरुको कार्यको मूल्याङ्कन गरिएको | | | | | | |
| | | ४१. कमजोर विद्यार्थीलाई विशेष जोड दिएको | | | | | | |
| नियन्त्रण गर्ने | विद्यार्थीहरु को व्यवहार | ४२. अपेक्षित व्यवहारको बारेमा जानकारी दिइएको | | | | | | |
| | | ४३. व्यवहारको निरन्तर मूल्याङ्कन गरिएको | | | | | | |
| | | ४४. ठीक समयमा पृष्ठपोषण दिइएको | | | | | | |
| | | ४५. कक्षामा सिक्ने वातावरण निरन्तन्तरता दिइएको | | | | | | |
| | समयको | ४६. कामको स्पष्ट निर्देशक दिइएको | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रयोग | ४७. सामग्रीहरुको यथोचित वितरण गरिएको | | | | | |
| | | ४८. विद्यार्थीहरुलाई सिक्ने काममा लगाइएको | | | | | |
| | | ४९. सिकाई उद्देश्यमा जोड दिइएको | | | | | |
| पाठको अन्त्य गर्ने | | ५०. उद्देश्य र विषयवस्तुको सारको पुन : प्रस्तुति (सारांश) गरिएको | | | | | |
| | | ५१. पाठको समालोचन गरिएको | | | | | |
| | | ५२. पाठको समाप्ति ठीक ढङ्गले ठीक समयमा गरिएको | | | | | |

यो फारम प्रयोग गरी शिक्षकको कक्षा शिक्षणमा देखिएका सबल पक्षहरुलाई सदा कायम राख्न शिक्षकलाई उत्साहित गर्ने, कमजोर पक्षहरुलाई सुर्धान सुझाव दिने, सुधार्ने तरिकाहरु सिकाई दिने र सहयोग जुटाउने व्यवस्था गर्ने । यसको अभिलेख राख्ने र फेरि सुपरिवेक्षण गर्दा पुरानो अभिलेख पनि हेर्ने र शिक्षकलाई क्रमिक रुपमा सहयोग गर्दै जाने । सबभन्दा राम्रो लागेकोमा ५ (✓) चिन्ह लगाउनुपर्छ र सबभन्दा कमजोर लागेकोमा क्रमशः १ सम्म चिन्ह लगाउनुपर्छ ।

## शिक्षण अवलोकन फारम

तल तालिकामा दिइएको क्रियाकलापमा शिक्षकले गरेको गतिविधिको मूल्याङ्कन गर्दा ३ वा सो भन्दा कम अङ्क ल्याएको छ भने त्यस्ता शिक्षकलाई सहयोग गरी सुधार गराउनका लागि तालिमको व्यवस्था गर्नुपर्दछ ।

## शिक्षकले कक्षाकोठामा गरेको अन्तरक्रिया विश्लेषण

✪ शिक्षकले देखाउने विभिन्न व्यवहारका (कुन व्यवहारमा कति समय खर्च भयो ।)

दश किसिमका अन्तक्रियात्मक व्यवहारहरुको विश्लेषण

## विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालय सुपरिवेक्षण सेवा

### *अनुसूचि : ९*

### प्रधानाध्यापकको काम, कर्तब्य र अधिकार देहायबमोजिको छ ।

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने ।

(ख)विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने ।

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने ।

(घ)शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा संचालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षासंचालन भए नभएको निरीक्षण गर्ने ।

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रवन्ध गर्ने गराउने ।

(च)विद्यालयको प्रशासनिक कार्यको संचालन तथा नियन्त्रण गर्ने ।

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा संचालन गराउने ।

(ज)विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने ।

(झ) विद्यालयमा भए गरेको महत्वपूर्ण काम कारवाहि को अभिलेख राख्ने ।

(ञ)कुनै शिक्षकले जानीजानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने ।

(ट) विद्यालयले आफ्नै श्रोतमा नियूक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिश बमोजिम अवकाश लगायतका अन्य विभागीय कारवाही गर्ने ।

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख जिल्ला शिक्षा अधिकारी तथा निरीक्षकले हेर्न चाहेमा देखाउने ।

(ड)शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन जिल्ला शिक्षा कार्यालय तथा व्यवस्थापन समितिमा पेश गर्ने ।

(ढ) शिक्षकलाई सजाय र पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा जिल्ला शिक्षा कार्यालयमा सिफारिश गर्ने ।

(ण) महिनामा कम्तीमा एक पटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने ।

(त) विद्यालयको श्रोतबाट तलब भता खाने गरी नियूक्ति भएका शिक्षक तथा कर्मचरीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने ।

(थ) विद्यालय भवन तथा छात्राबासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने ।

(द) विद्यालयको वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने ।

(ध) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्धवार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने ।

(न) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

(प) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्काशन गर्ने ।

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठयक्रम तथा पाठ्यपुस्तक लागुगर्ने ।

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्न लगाउने ।

(भ) विद्यालयमा संचालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट संचालन गर्ने गराउने ।

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा तीनवर्ष सम्म १५ प्रतिशत भन्दन बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो दुई वर्ष सम्म तलब वृद्धि रोक्का गर्ने ।

(य) विद्यालयमा दैनिक रुपमा मन्त्रालयले तोकेबमोजिम कक्षा लिने तथा लिन लगाउने ।

(र) नेपाल सरकारबाट स्वीकृत दरबन्दमिा नियूक्ति पाई कार्यरत रहेका शिक्षकको तलबी प्रतिवेदन पारित गर्न जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

(ल) आफ्नो मातहतमा शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य, तोक्ने ।

(व) जिल्ला शिक्षा कार्यालय तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने गराउने ।

(श) विद्यालयको शैक्षिक प्रगतिसम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षकद्वारा प्रमाणित गराई जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियूक्ति भएका शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन फारम भरी व्यवस्थापन समितिमा पेश गर्ने ।